वर्ष : १४, अंक : ३९, काठमाडौं, २०७५ माघ ४ गते शुक्रबार 18 January 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## राजपाको संयोजक अब महेन्द्र !



काठमाडौं । संयोजकबाट महन्थ ठाकुरबाट हटाइएको विवाद नसुल्झदै राजपाभित्र नयाँ संयोजक तोक्ने प्रक्रिया सुरू भएको छ । ठाकुरलाई संयोजकबाट विस्थापन गरी नयाँ संयोजक बनेका राजेन्द्र महतो पूर्वसहमतिअनुसार संयोजक पद छाड्न लागेका हुन् । अब नयाँ संयोजकका रूपमा अध्यक्षमण्डलका नेता महेन्द्र राय यादव बन्न लागेका हुन् । अध्यक्षमण्डलका संयोजक ठाकुरपछि गत मंसिर ४ गतेबाट महतो संयोजक बनेका थिए ।

महतोको संयोजक पदको दुईमहिने कार्यकाल समाप्त हुन लागेपछि यादव नयाँ संयोजक बन्न लागेका हुन् । प्रवक्ता कृष्णा सिंहका अनुसार शुक्रबार बस्ने राजपा नेपालको बैठकले यादवलाई संयोजकको जिम्मेवारी दिने तयारी भएको छ । ६ पार्टीबीच एकता भएपछि राजपा नेपालमा ६ सदस्यीय अध्यक्षमण्डल छन् भने त्यसै मध्येका एक सदस्य संयोजक बन्ने प्रावधान छ ।

राजपाका एक केन्द्रीय नेताका अनुसार पार्टी एकीकरण भएको लामोसमयसम्म ठाकुर नै अध्यक्ष मण्डलका संयोजक भएपछि पछिल्लो समय दुईमहिने कार्यकाल रहने गरी चक्रीय प्रणाली लागू गरिएको छ । जस अनुसार माघ ४ गते महतोको कार्यकाल सामाप्त हुन लागेको छ । गत मंसिर ४ गते बसेको अध्यक्ष मण्डलको बैठकबाट महतोलाई संयोजकको जिम्मेवारी दिने निर्णय गरिएको थियो ।

## प्रादेशिक सडक ऐन ल्याइने

काठमाडौं । प्रदेश २ सरकारले प्रादेशिक सडक निर्माण, मर्मत सम्भार तथा विस्तारका लागि कानून ल्याउने भएको छ । भौतिक पूर्वाधार मन्त्रालयले प्रादेशिक सार्वजनिक सडक विधेयकको मस्यौदा तयार गर्न लागेको हो ।

प्रदेशअर्न्तगत रहेका सडकको वर्गीकरण गरी निर्माण, मर्मत सम्भार, विस्तार वा सुधार गर्न आवश्यक जग्गा प्राप्ति गर्न मुआब्जा वितरण, अन्तर्राष्ट्रिय मादण्डलाई आत्मसात गरेर समय सुहाउँदो र गुणस्तरयुक्त सडक बनाउन, निर्माण र मर्मत सम्भार कार्यलाई पारदर्शी एवं प्रभावकारी बनाउन, सार्वजनिक सडकबाट लाभान्वित हुने सडक छेउका जग्गावालाहरूबाट विकास कर असुल गर्ने उद्देश्य राखेर प्रदेश सरकारले कानून बनाउन थालेको भौतिक पूर्वाधार मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले विधेयकको मस्यौदाको बारेमा वीरगञ्जमा एक चरणको छलफलसमेत गरिसकेको छ । छलफलमा सहभागीहरूले ऐन ल्याउँदा सडकमा नीजि क्षेत्रको लागनीलाई आकर्षण गर्ने, लाइन एजेन्सीहरू र मुआब्जाका कारण देखिएका समस्या सम्बोधन गर्ने, सडक युटिलिटी मापदण्ड भएको, संवैधानिक व्यवस्था, सार्वजनिक सडक ऐन २०३१, नेपाल रोड स्ट्यान्डर्ड ऐन लगायत सरोकार राख्ने ऐनसँग नबाझिने खालको, सडक मर्मत सम्बन्धी स्पष्ट व्यवस्था राख्न, स्वैच्छिक जग्गा प्राप्ति, दण्ड सजायको कडा प्रावधान राख्न सुझाव दिएका छन् ।

## मधेश आन्दोलनको १२ वर्ष पूरा

# उपलब्धिका लागि अब कति कुर्ने ?

**मधेशवाणी डेस्क**

काठमाडौं । पहिलो मधेश आन्दोलन भएको माघ ५ गते १२ वर्ष पूरा हुँदैछ । यस अवधिका मधेश आन्दोलनको विषयमा धेरै बहस र समीक्षा भए तर उपलब्धि केही प्राप्त हुन सकेको छैन । मधेश आन्दोलनकै नाममा केही मधेशी नेताहरू मन्त्री बन्न सफल भए पनि आम मधेशी जनताको जीवनमा त्यसको कुनै असर परेको छैन ।

यद्यपी माघ ५ लाई मधेशले 'बलिदानी दिवस'को रूपमा सम्झने गरेको छ । सुरूका दिनमा बलिदानी दिवसको अवसरमा खुब तामझामका साथ दिवसको स्मरण गरिन्थ्यो भने शनैः शनै त्यो विस्मृत हुँदै गएको छ । किनभने आन्दोलन जति पुरानो हुँदै जान्छ त्यो आन्दोलनको विरासत पनि कमजोर हुन्छ । केही वर्षअघिसम्म बलिदानी दिवस मनाउन मधेशी दलहरूबीच अघोषित प्रतिस्पर्धा नै हुन्थ्यो भने अहिले वास्तै गर्न छाडिसकेका छन् । यस्तो लाग्छ मधेशका कुनै आन्दोलन नै भएको थिएन ।

२०६३ सालमा अन्तरिम संविधान जारी भएलगत्तै काठमाडौंको माइतीघरमा तात्कालीन मधेशी जनअधिकार फोरमले अन्तरिम संविधानको प्रतिलिपि जलाएको थियो । संविधानको प्रतिलिपि जलाएको आरोपमा फोरमका अध्यक्ष उपेन्द्र यादव सहितका दर्जन बढी नेता गिरफ्तार भए । नेताको गिराफ्तारीको विरोधमा मधेशका जिल्लाहरूमा आन्दोलन सुरू भयो । राजमार्गमा टायर बालेर सुरू भएको जक्काजाम आन्दोलन माघ ५ गते लहानबाट जनविद्रोहको रूपमा मधेशभर फैलियो ।

२०६३ माघ ५ गते सिरहाको लहानमा तत्कालीन नेकपा माओवादी कार्यकर्ताले चलाएको गोलीबाट रमेश महतोको निधनको भएको थियो । त्यससँगै मधेश आन्दोलन उठेको हो । त्यही आन्दोलनबाट धेरै मधेशी नेताको उदय भएको र उनीहरू स्थापित पनि भए । धेरै मन्त्री पनि भए ।



*प्रथम मधेश आन्दोलनका शहीद रमेश महतोको शालिक ।*

तर मधेशी जनताले के पाए भन्ने प्रश्नको जबाब अहिले पनि मधेशले खोजिरहेको छ ।

त्यो बेला मधेश आन्दोलन मधेश विद्रोहको रूप लिनुको पछाडि माओवादीको गोली कारण बनेको थियो जसले मधेशको भावना भडकाउन मद्दत गर्‍यो । तर २०६३ पछि २०७२ को ९ वर्षको अवधिमा मधेशले दुईवटा आन्दोलन पनि गर्नु पर्‍यो ।

राजनीतिक रूपमा मधेश आन्दोलनको सफलता भनेको संघीयता हो जुन मधेश आन्दोलनकै कारण तत्काल संविधानमा सुनिश्चित भएको छ । पहिलो मधेश आन्दोलनले राजनीतिमा जुन उथलपुथल ल्यायो त्यसैको फलस्वरूप नेपाल संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपाल बन्न पुगेको छ ।

माघे मधेश आन्दोलनपछि मधेशले राजनीतिक र सामाजिक अधिकार प्राप्तिका सवालमा धेरै उपलब्धि हासिल गरिएको विवेचना पनि गरिन्छ ।

मधेशमा भएको आन्दोलनलाई जसले जसरी विवेचना गरे पनि वास्तवमै मधेशी जनताले पहिलोपटक राज्यसत्तासँग विद्रोह गरेको थियो । वर्षौंदेखि मधेशीको चाहना संघीयता प्राप्त भएकाले त्यो पूरा भएकोमा उनीहरू धेरै हर्षित भए र थिए । अझ समावेशिता र जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्वको विषयले मधेशीहरू धेरै हौसिएका थिए तर त्यो धेरै दिन टिक्न सकेन । किनभने समावेशीको नाममा मधेशी नेताहरूले आफ्नो आसेपासे र आफन्तलाई भर्ती केन्द्र बनाएको तथ्य कसैसँग लुकेको छैन ।

पहिलो संविधानसभामा 'किङ्ग मेकर' को हैसियतमा पुगेका मधेशी दल सत्ताको फोहोरी खेलमा लागेपछि मधेशी दलहरूमा फुटको राजनीति सुरू भएको थियो । मधेशीको नाममा केही नेताहरूले आफ्नै नेतृत्वमा पार्टी बनाए र मन्त्री बने । अझ मोर्चाबन्दी गर्दै सरकारमा जाने एउटा शृंखला नै सुरू भयो । सरकारमा जाने मधेशी नेताहरूको चस्काले दल र मधेशी जनताबीचको दूरी क्रमिक रूपमा बढ्दै गयो । अझ सबैभन्दा दुःखद त के रहयो भने सरकारमा जानकै लागि मधेशी दलका नेताहरूले अन्य पार्टीहरूसँग बुँदे-बुँदाको सम्झौता गर्दै हिंडे । तर, यो उनीहरूका लागि 'हात्तीको देखाउने दाँत' जस्तै बन्न पुग्यो । सरकारमा जाँदा ती बुँदाहरूमध्ये एउटाको पनि कार्यान्वयन गराउन मधेशी दलहरू सकेका छैनन् । पछिल्लो समयमा संघीय समाजवादी फोरम पनि संविधान संशोधनका लागि भनेर सरकारमा गएपनि अहिलेसम्म त्यसको छनक देखिएको छैन ।

मधेशीका लागि भनिएको मूलभूत मुद्दाहरू जस्तो सेनामा जनसंख्याका आधारमा प्रनिधित्व, सरकारी सेवामा मधेशीको पहुँच बढाउने समावेशी विधेयक लगायत जस्ता विषयहरू अब मधेशी दलको प्राथमिकतामा पर्न छाडेको छ ।

अझ मधेश आन्दोलनका क्रममा सहादत प्राप्त गरेकाहरूलाई शहीद घोषणा र घाइतेहरूलाई उपचारसहितको राहत दिनसमेत मधेशी दल सत्तामा छँदै घोषणा भएको विषय हो ।

मधेशले १२औं बलिदानी दिवस मनाइरहँदा मधेश र मधेशीका सवाल ज्यूँका त्यूँ छन् । गरिबी, निरक्षरता, बेरोजगारी, युवाहरूको ठूलो जमात विदेश पलायन, महिलामाथि हिंसा, छुवाछूतजस्तो जघन्य अपराध, दहेजप्रथा लगायतको बेथितिबाट मधेश र मधेशी अझै गाँजेकै अवस्थामा छ । शिक्षा, स्वास्थ्य र विकास-निर्माणलगायतका क्षेत्रमा कुनै सुधार हुन सकेको छैन । १२ वर्ष भइसक्दा पनि मधेशी जनता अनेकौ बेथितिको शिकार छन्, चौतर्फी समस्या र पीडामा रहेको गुनासो उनीहरूबाट सुनिन्छ, तर उपचार कतैबाट नपाएको अवस्था छ ।

यस अवधिमा केही नेताहरू मोटाएका छन्, मन्त्री बनेका छन् तर जनताको अवस्थामा कुनै सुधार हुन सकेको छैन । मधेशी नेताहरू परिवारवाद, पैसावाद, अपनत्ववादमा लागेर सिंगो मधेशी जनताको मानमर्दन गरेका छन् ।

## प्रदेश २ मा सार्वजनिक विदा

**जनकपुरधाम । मधेश आन्दोलनका शहीदहरूको सम्झनामा प्रत्येक वर्ष माघ ५ गते मनाइने 'बलिदानी दिवस'को अवसरमा प्रदेश २ को सरकारले सार्वजनिक विदा दिने निर्णय गरेको हो । २०६३ साल माघ ५ गते मधेश विद्रोहको क्रममा सिरहाको लहानमा रमेश महतोले सहादत दिएको दिनलाई मधेशमा बलिदानी दिवसको रूपमा मनाउँदै आएको छ ।**

## एकीकृत भन्सार जाँचचौकी शिलान्यास

नेपालगन्ज । मित्रराष्ट्र भारतका गृहमन्त्री राजनाथ सिंहले सीमावर्ती भारतीय शहर रूपेडीयामा भारततर्फको एकीकृत भन्सार जाँचचौकीको शिलान्यास गरेका छन् । सोमबार भन्सार जाँचचौकीको शिलान्यास गर्दै भारतका गृहमन्त्री सिंहले नेपालसँगको मित्रता घनिष्ठ रहेको बताएका छन् ।



उनले एकीकृत भन्सार जाँचचौकीले व्यापारिक मात्र नभई भारत र नेपालबीचको पुरानो सम्बन्धलाई अझ प्रगाढ बनाउने उल्लेख गरे । एकीकृत भन्सार जाँचचौकी निर्माण भएपछि नेपालसँगको व्यापार अझ विस्तार हुने गृहमन्त्री सिंहले विश्वास व्यक्त गरे । नेपालतर्फ नेपालगञ्ज र भारततर्फ रूपैडियामा एकीकृत जाँचचौकी निर्माण भइरहेको जाँच चौकी दुई वर्षभित्र निर्माण गरिसक्ने बताइएको छ । ५५ हेक्टर क्षेत्रफलको सुख्खा बन्दरगाहभित्र ६ लेनको अत्याधुनिक सडकदेखि आयात निर्यातका लागि सबै सुविधा उपलब्ध हुनेछ ।

**समय सन्दर्भ**

संगीता रेग्मी



# अझै जनमुखी भएन कर्मचारीतन्त्र

नेपालमा राज्यका अधिकांश अंगहरू कि त निष्क्रिय छन् कि त आन्दोलित छन् । जसका कारण जनता लाभान्वित हुन सकिरहेका छैनन् । नेतादेखि कर्मचारीसम्म सबैलाई आ-आफ्नै स्वार्थ, आ-आफ्नै सरोकार र आ-आफ्नै स्वार्थको परिपूर्ति चाहिएको देखिन्छ । नेताहरूले आफूलाई जनसेवक र कर्मचारीहरूले आफूलाई राष्ट्रसेवक प्रमाणित गर्न सकिरहेका छैनन् । कर्मचारीहरू कहिले दलका लागि त कहिले व्यक्तिगत स्वार्थका लागि आन्दोलित हुँदै आएका कारण अहिले न्यायका लागि आन्दोलित हुँदा पनि जनपक्षीय सद्भाव जुटाउन नसकिरहेको अवस्था विद्यमान छ ।

निजामती कर्मचारीहरूले जनताको मन र सरकारको विश्वास जित्न नसकेका कारण धर्मयुद्धमा फँसेका छन् । निजामती कर्मचारीमाथिको सर्वपक्षीय अविश्वासका कारण उनका अभियानलाई लोभलालच र स्वार्थका रूपमा प्रचार गरियो । निजामति कर्मचारीलाई राज्यको स्थायी सरकार मान्निछ, तर कर्मचारीलाई राजनीतिक दलले भर्ती केन्द्र बनाउने, क्षमतालाई भन्दा पनि गुलामीलाई आधार बनाएर वृद्धि विकास गराइदिने, राम्रालाई भन्दा हाम्रालाई प्राथमिकता दिने र व्यक्तिगत स्वार्थमा कर्मचारी संयन्त्रको प्रयोग गर्ने पद्धति रहँदै आएका कारण आज कर्मचारी पिँटिदा, लुँटिदा, थुनिदाँ वा अन्यायमा पर्दा अधिकांश क्षेत्रबाट खासै सरोकार देखिँदैन । अग्रज कर्मचारीहरूको कार्यशैली र भूमिकाका कारण नयाँ पुस्ताका कर्मचारीले वैधानिकता पाए पनि सामाजिक स्वीकृती पाउन सकेका छैनन् ।

**जनताका विश्वास जित्न नसकेका कर्मचारी र जनताको दोहन गर्न तम्सेका नेताहरू देशद्रोही हुन् । यिनीहरूको अनैतिक साँठगाँठले मुलुक झन् द्वन्द्वमा धकेलिँदै जाने निश्चित छ ।**

निर्वाचित सरकार आउने जाने क्रम चलिरहन्छ तर स्थायी सरकारले राज्यका काम कारवाहीलाई निरन्तर अगाडि बढाउने गर्छ । नीति, नियम बनाउने काम निर्वाचित सरकारको भएपनि त्यसको कार्यान्वयन गर्न कर्मचारीको असहयोगले सम्भव हुँदैन । कर्मचारी नीति नियम लागू गर्ने संयन्त्र मात्र हो ।

समय समयमा भएका राजनीति परिवर्तनसँगै स्थायी सरकार मानिएको 'ब्यूरोक्रेसी' पनि विवादमा तानिँदै आएको छ । आफ्नो सरूवा र बढुवाको लागि राजनीतिक नेतृत्वको पिछलगु भएर काम गर्ने गरेको, तोकिएको ठाउँमा नगएको, सिंहदरबार भित्र मात्रै बस्ने चाहना राखेको, भ्रष्टाचारमा लिप्त भएको, सेवाग्राहीलाई प्रभावकारी सेवा दिन नचाहेको जस्ता आरोप कर्मचारीलाई लाग्ने गरेको छ । केन्द्रमा कर्मचारी समायोजनको विषयमा चर्चा-परिचर्चा बढिरहेको बेला प्रदेश २ का मन्त्री र सचिवको विवादले कर्मचारीतन्त्र र नेतृत्वबीचको विवाद फेरि एकपटक सतहमा आएको छ भने राजनीतिले कर्मचारीतन्त्रलाई छायामा राखेको आभाष हुन थालेको छ ।

नेता र कर्मचारीको मिलोमतो हुँदा सबै खालका कुरा पाच्य हुने मिलोमतो वा हिसाव कितावमा फरक पर्दा बल्ल समस्या बाहिर आउने स्थितिका कारण दुबै पक्षले आफ्नो शाख गुमाउँदै गएको छ । नेताले नीति बनाउने हो, नेताले निगरानी गर्ने हो, नेताले नेतृत्व दिने हो । तर हामी कहाँ जनप्रतिनिधिहरू मासिक तलब खाने, बजेट बुझ्ने र आफै ठेक्कापट्टा बाँड्ने काम गर्दै आएका छन् । नेता र कर्मचारीबीच खासै मौलिक भिन्नता देखिएन । नेताले आफ्नो भूमिकामा फर्कनुपर्छ र कर्मचारीले नीतिगत सहयोग गर्ने र देशको अहितमा हुने काम नगर्ने र गर्न नदिने आँट राख्न सक्नुपर्छ । जनताका विश्वास जित्न नसकेका कर्मचारी र जनताको दोहन गर्न तम्सेका नेताहरू देशद्रोही हुन् । यिनीहरूको अनैतिक साँठगाँठले मुलुक झन् द्वन्द्वमा धकेलिँदै जाने निश्चित छ ।

विभिन्न समयमा हुने कर्मचारी र राजनीतिक नेतृत्वकोबीचमा हुने घटना र प्रवृत्ति शासन सञ्चालनका सन्दर्भमा सुखद होइनन् । शासन सञ्चालन राजनीतिले मात्र गर्न पनि सम्भव छैन र कर्मचारीतन्त्रले मात्र पनि धान्न सक्दैन । नेतृत्व जतिसुकै राम्रो, काम गर्नुपर्छ भन्ने भावना भएको भएपनि व्यवस्थित, जागरूक र आत्मसम्मानयुक्त कर्मचारीतन्त्र नहुँदासम्म 'सुखी नेपाली समृद्ध नेपाल'को हाम्रो नारालाई सार्थक बनाउन सकिदैंन । त्यसैले राजनीतिक नेतृत्व र कर्मचारी जिम्मेवार र संयम हुन जरूरी छ ।





## सम्पादकीय



# माघीको सन्देश र मन्त्रीको 'झापड'

यो साता सम्पूर्ण मधेशले माघी र मकर संक्रान्ति पर्व मनाएको छ । एकआपसमा रमाइलो गर्ने, साथी-भाइबीच भातृत्वप्रेम तथा आदरसम्मान गर्न सिकाउने 'माघी' थारूको नयाँ वर्ष र प्रमुख सांस्कृतिक पर्व पनि हो । नयाँ नीति नियम बनाउने, कार्यान्वयन गर्ने, नयाँ प्रतिवद्धता तथा नयाँ कामको जिम्मेवारी बाँडफाँड गर्ने माघीमा थारू समुदायले वर्षभरिको कामको समीक्षा गर्छन् । पश्चिमका थारूले माघी माघे संक्रान्तिका रूपमा यसलाई मनाउँछन् भने पूर्वका थारूले यसलाई तिला संक्राइतका मनाउने गरेका छन् ।

वस्तुत: मौलिकता बोकेको ऐतिहासिक चाड माघी मेलमिलापको पर्व हो । यसले 'मेरो हैन हाम्रो' भावनाको विकास गर्छ । पूर्खाको आशिर्वाद, आफूभन्दा ठूलाको आदर र सानालाई माया गर्ने भावनाको विकास गर्दछ । वर्षभरिको दु:ख-सुखका कुरा एकापसमा साटासाट गर्ने, मीठो-मसिनो खाएर आत्मसन्तुष्टि लिने काम यसै पर्वमा हुन्छ ।

यस्तै माघे संक्रान्ति पर्वले सामाजिक एकता सुदृढ बनाउन पनि मद्दत गर्छ । विशिष्ट सांस्कृतिक सम्पदाको रूपमा रहेका यस्ता पर्वले मुलुकलाई विश्वसामु चिनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । एउटै पर्वलाई फरक-फरक नाम र शैलीले मनाउने नेपाली परम्पराले शान्तिको सन्देश फैलाएको छ ।

### कार्यकक्षमा नै मन्त्री र सचिवस्तरका व्यक्तिबीचको हात हालाहालको घटनाले नेपालको संस्कार देखाएको छ ।

यहि मेसोमा मधेशले माघी र मकर संक्रान्ति पर्व मनाइरँदा प्रदेश २ मा भने मन्त्रीको 'झापड काण्ड'ले चर्चा भएको छ ।

प्रदेश २ का आर्थिक मामिला तथा योजनामन्त्री विजयकुमार यादवले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव विद्यानाथ झालाई झापड हानेको विषय अहिले सर्वत्र चर्चा भइरहेको छ । एउटा अमुक गैरसरकारी संस्थाको कार्यक्रमका लागि मन्त्री यादवको नजिकको संस्था छनोटमा नपरेको हुँदा उनले कुटपिट गरेको आरोप सचिव झाको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गत सञ्चालन हुन लागेको गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेडपा) का लागि गैरसरकारी संस्थालाई छनोट गर्नुपर्ने प्रारम्भिक सूचीमा मन्त्री यादव नजिकको संस्था नपरेकाले उनले आफ्नो कार्यकक्षमा बोलाएर गालामा झापड हानेको भनाइ सचिव झाको छ । आफूले लगेको फाइल र डायरी समेत मन्त्री यादवले खोसेको पनि उनले दाबी गरेका छन् ।

सङ्घीय सरकारले सशर्त अनुदानअन्तर्गत गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालनका लागि १ सय ९३ वटा गैरसरकारी संस्थाले मन्त्रालयमा आशयपत्र दिएका थिए । तीमध्येबाट ४० वटा संस्था छनोट भएका थिए । मन्त्री यादवले आफ्नो नजिकको संस्थालाई छनोट गरिदिन दबाब दिँदा आफूले नमानेको र ती संस्था छनोट सूचीमा नपरेका कारण उनले आफूलाई कुटपिट गरेको सचिव झाको भनाइ छ । उता मन्त्री यादवले भने आफूले नकुटेको जिकिर गरेका छन् । सचिव झा प्रदेशका सभामुख र अर्का एक जना मन्त्रीको अगाडि 'आफू जनकपुरको लोकल हुँ' भन्दै आफ्नो पदीय मर्यादा बिर्सिएर चर्को आवाजमा बोल्दै कोठाबाट निस्किएको उनले बताए ।

यद्यपी यस घटनाको सत्यतथ्य छानबिन गर्न प्रदेश २ का आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादवको संयोजकत्वमा तीन सदस्यीय टोली गठन गरिएको छ । यो घटनाले सानालाई ऐन, ठूलालाई चैन भन्ने नेपाली उखान चरितार्थ गरेको छ । मन्त्री होस् या जनता यदि विधिको शासनमा चल्ने हो भने सबैलाई कानुनले बाँध्छ र कामका सिलसिलामा भएका असहमतिहरू छलफलबाट टुंग्याउनुपर्छ । तर यहाँ त्यसो भएन । तर कार्यकक्षमा नै मन्त्री र सचिवस्तरका व्यक्तिबीचको हात हालाहालको घटनाले नेपालको संस्कार देखाएको छ । मन्त्री पदमा बसेको व्यक्तिले खराब आचरण र व्यवहार प्रदर्शन गरेपछि उनको नैतिकता कति बाँकी रहन्छ । यदि मन्त्री यादवले सचिव झालाई कुटपिट गरेकै हुन् भन्ने टुंगो छानविन समितिले लगाए पनि उनलाई के सजाय हुन्छ भन्ने आगामी दिनमै थाहा हुन्छ ।

## साताको सात बात



सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि भएपछि निजी विद्यालयप्रतिको आकर्षण आफैं घट्छ । गुणस्तरीय शिक्षा सामुदायिक विद्यालयमा पाएपछि अभिभावकहरू महँगा निजी विद्यालयमा जाँदैनन् । सरकार हस्तक्षेप गरेर निजीलाई प्रतिबन्ध लगाउने पक्षमा छैन । **केपी शर्मा ओली, प्रधानमन्त्री**



नेपालमा पर्यटनका लागि भौतिक पूर्वाधार कम छन्, पूवाधारको स्थापना गरेर गुणस्तरीय पर्यटक भित्र्याउनु अहिलेको आवश्यकता हो । समृद्द नेपाल निर्माणको प्रमुख आधार पर्यटन क्षेत्र हो । सरकारले पर्यटन, कृषि, जलविद्युत् (उर्जा) र जडिबुटीलाई समृद्धिको आधारका रूपमा लिनुपर्छ । **नन्दबहादुर पुन, उपराष्ट्रपति**



जनताको इच्छाअनुरूप संविधान संशोधन गर्दै लगिनेछ । हाम्रो संविधानको एउटा विषेशता के छ भने देशको सार्वभौम सत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय स्वतन्त्रताबाहेक अन्य कुनै पनि विषयलाई अपरिवर्तनीय भनेको छैन । त्यसकारण समय र परिस्थितिअनुसार संशोधन गर्दै लैजान सकिन्छ । **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पाटी**



नजानेको बाटोमा हिँड्दा हाम्रा तर्फबाट पनि केही कमजोरी भए होलान्, छाडेर जानुभएका साथीहरूबाट पनि केही कमजोरी भए होलान्, तर हामी सँगै बस्दा सिंगो देश नेपाल र नेपालबाहिर बस्ने नेपालीहरू जसरी उत्साहित हुनुभएको थियो, केही साथीहरू छाडेर जाँदा त्यो उत्साहमा अलिकति चिसोपन आएको छ । **रविन्द्र मिश्र, संयोजक, विवेकशील साझा पार्टी**



काठमाडौंको खाल्डोबाट शासित हुने युगबाट नेपाल मुक्त भएको छ । जनताको घरदैलोमा सरकार आइपुगेको छ । स्थानीय क्षेत्रको विकास र पहिचानका लागि सिंहदरबार ताक्नुपर्ने अवस्था हटेको छ अब हामीले यो प्रदेशलाई विकबास र समृद्धको यात्रामा अगाडि बढाउनुपर्छ । **शेरधन राई, मूख्यमन्त्री, प्रदेश १**



'राज्यकै उत्पीडन र विभेदका कारण थारू समूदाय हरेक क्षेत्रमा पछाडी परेको छ' । 'पछाडि पारिएका यी समूदायको उत्थानका लागि प्रदेश सरकार प्रतिवद्ध छ ।' देशको भुमिपुत्र थारू समूदाय रहेपनि राज्यले अझै थारू समूदायलाई उत्पीडन र विभेद गर्दै आएको यर्थात् सबैलाई थाहै छ । **मो.लालबाबु राउत गद्दी, मुख्यमन्त्री, प्रदेश २**



देशमा संघीयता आइसकेपछि सबैको काँधमा संघीयता कार्यान्वयन गर्ने अभिभारा आएको छ । संघीयताको मामिलामा संघीय सरकार जसरी दमनकारी नीति लिएर अगाडि बढ्दै छ ठिक त्यस्तै गरि प्रदेश सरकार पनि अगाडि बढिरहेको छ । **नवीन्द्रराज जोशी, केन्द्रीय सदस्य, नेपाली कांग्रेस**

# हाम्रो संस्कृति र कृषि



सीके लाल

नेपाल र मिथिलामात्र होइन, संसारमै भनिन्छ कि सभ्यताको आरम्भ कृषिबाट भएको हो । कृषिभन्दा पहिला मानिसले शिकारको माध्यमबाट आफ्नो गुजारा चलाउँथे । जङ्गलका फलफूल र कन्दमूल बटुलेर उनीहरू जीवन निर्वाह गर्थे । शिकार गर्ने र फलफूल बटुलेर गुजारा गर्ने समाजको सभ्यता हुँदैन्थ्यो । जब खेती हुन थाल्यो र आम्दानी बढ्दै गयो अनि उनीहरूलाई जम्मा गर्नुपर्ने आवश्यक्ता महसुस भए, भखारी बनाउनु पर्‍यो । त्यस्तै, कृषिमा जब अन्य मानिसहरूको आवश्यक्ता हुन थाल्यो अनि मानव सभ्यताको सुरूवात भयो । कृषि पछि औद्योगिक सभ्यता, व्यापार सभ्यता, सूचना सभ्यता र सूचना पछिको सभ्यता, जसलाई सूचनाउत्तर सभ्यता भनिछ, अहिले चलि रहेको छ । तर यहाँ जति पनि महल बनेको छ ती सबैको आधार कृषि सभ्यताबाटै सुरू भएको हो । यदि कृषि सभ्यता बलियो नभएको भए उद्योग सभ्यता र सूचना सभ्यताको महल हावामा उभ्याउन सकिदैथ्यो । संसारमा यदि कुनै देश अगाडि बढेको हो, त्यो कृषि बिना बढेको होइन । अपवादको रूपमा नाम लिइन्छ स्वीटजरलैण्ड र जापानको, तर ती देशहरूलाई आफ्ना जनतालाई खुवाउने बेला भयो अनि मात्र अपवादको अभ्यास भएको हो । त्यसैले सुरूवात कृषिबाटै हुन्छ । अर्को एउटा कुरा के भनिन्छ भने प्रकृतिको



देन हो जल, जंगल, जमीन र जन । यी सबैलाई जोड्ने कृषि हो । भनिन्छ कि सभ्यताको विकासक्रम कृषिबाटै सुरू भएको हो ।

नागपञ्चमी कृषि सभ्यतासँग सम्बन्धित पर्व हो । नागपञ्चमीलाई कृषि सभ्यतासँग नजोडि अन्धविश्वास र प्राकृतिक चमत्कारका रूपमा प्रचार गरिएको छ । नाग कृषकका मित्र हुने भन्ने देखाउनका लागि नागपञ्चमीको महत्व दर्शाइन्छ । विषधर किसानका संरक्षक हुने, दुश्मन होइनन् भन्ने दृष्टिकोणले एउटा सांस्कृतिक अभ्यास सुरू भएको छ । त्यस अवसरमा कृषिको चर्चा भइरहेको छैन् ।

मिथिलामा बौद्धिकबहसबाट हराइसकेको छ खेतीपातीको कुरा । लाग्दछ कि नेपालमा कृषि बौद्धिक वर्गका लागि कुनै विषय नै होइन । जब कि नेपालमा सबैभन्दा गहन विषय नै खेतीपाती हो । लगभग अस्सी प्रतिशत जनसंख्या अहिले पनि प्रारम्भिक रूपले खेतीपातीसँग जोडिएका छन् । बाँकी बीस प्रतिशत अन्यपेशामा संलग्न छन् जब अस्सी प्रतिशत जनसंख्याको चिन्ता बौद्धिकचिन्ता र राष्ट्रिय चिन्ता बन्न सक्दैन् भने त्यो देश कसरी अगाडि बढ्न सक्छ ?

यद्यपी हामी अर्को काम गर्छौं, तर त्यो काम पनि त्यसमाथि नै निर्भर छ । त्यसैले सबैले सोच्ने विषय हो कृषि ।

नेपालमा अस्सी प्रतिशत जनसंख्या कृषिसँग जोड्एिका छन् तर कुल गार्हस्थ उत्पादनमा त्यसको भाग जम्मा-जम्मी तीस प्रतिशत रहेको छ । अर्थात् अस्सी प्रतिशत जनसंख्याले जे काम गर्छ त्यसको उत्पादन राष्ट्रिय आयमा जम्मा तीस प्रतिशत मात्रै छ । यसबाट अनुमान लगाउन सकिन्छ कि कृषिको स्थिति कति खराब छ । आधा भाग जो कृषिमा जमीन छ त्यो धानको उत्पादनसँग सम्बन्धित छ । अस्सी प्रतिशत जनसंख्या कृषिसँग जोड्एिका छन् । त्यसमा आधा जनसंख्या प्रत्यक्ष रूपले धान उत्पादमा जुटेका छन् । धान पानीमा आधारित छ र वर्षामा यस्तो सुख्खाको अवस्था छ कि आर्थिक अवस्थामा के असर पर्छ होला । यी सबका बारेमा कहिँ पनि कुनै प्रकारको चर्चा हुँदैन् ।

नेपालमा धानको उत्पादन औसतभन्दा दुई दशमलव नौ टन प्रतिहेक्टर छ । जसलाई अढाई मनको कट्ठा पनि मान्न सकिन्छ । यो औसत हिसाब हो र जहाँ यो भन्दा बढी वा धेरै कम हुन सक्छ । अन्य ठाउँको तुलनामा मिथिलाको जमीनको उबजाउ क्षमता सात गुणा बढी छ । यदि बारह मनको कट्ठा धान फल्यो भने भारतको पञ्जाबमा त मिथिलाको जमीनको क्षमता अनुसार चौरासी मनको कट्ठा उत्पादन हुनु पर्ने हो । चमत्कार त्यति बेला हुन्छ जब शतप्रतिशत उत्पादन होस् र अहिलेका किसानले जति आम्दानी गरिरहेका छन् त्यसको पैंतीस दोबर आम्दानी हुन्छ । मानिलिउँ कि प्रतिमन धानको दाम छ सय छ भने यसको आम्दानी पैंतीस गुणा बढनु पर्छ । त्यसबेला कट्ठामा अस्सी-नब्बे हजार रूपैयाको क्षमता हुन सक्छ । जमीनको उबजाउ क्षमता त्यसको माटोको गुणस्तर, बिना मलको कति उब्जिन्छ त्यसको आधारमा मापन हुन्छ । संसारका सबैभन्दा बढी उबजाउ जमीन जापानको भ्यालीहरूलाई मानिएको छ । दोस्रो चीनको ह्वागेहा भ्याली हो ।

त्यही आसपासमा इजिप्टको नाइल भ्याली हो । यसैगरी तेस्रोमा मिथिलाको माटोलाई मानिएको छ । यी सबै विज्ञानबाट प्रमाणित भएका हुन् । भू-सर्वेक्षणमा आधारित छ । जापानको दश दोब्बर उबजाउ क्षमता छ । पञ्जाबको जमीन उच्च उबजाउ क्षमता भएको जमीन होइन । त्यहाँ त हरित (कृषि) क्रान्तिको परिणाम हो । यति धेरै क्षमता भए पनि यस्तो अवस्था छ जसको धेरै कारणहरू छन् जसमा हामीहरू कृषिलाई मुख्य रूपले मतलब राख्न सकेका छैनौ जुन ठूलो कारण हो ।

आज कृषि आधारमाथि हवेली बनाउने अवस्था कसैको छैन् । जमीन उही हो, जनता उही हो, तर कृषिको आधारमाथि सम्मानजनक जीवन बिताउन सकिने अवस्था रहेको छैन् । यस कारण यो एउटा ठूलो राष्ट्रिय चिन्ताको विषय हुनु पर्छ ।

त्यसैले कोही जतिधनी किन नहोस्, मिथिलाको जीवन-शैलीमा सुख्खाको लागि तैयारी रहन्थ्यो । जस्तो बाढी आउँछ भन्ने बुझेर नै होला घर घरमा नाउको व्यवस्था पहिला नै गरिन्थ्यो । अन्य महिनामा नाउलाई उल्टाएर राखिन्थ्यो तर जेठमा त्यसलाई सुल्टाएर र तेल लगाएर राखिन्थ्यो । ताकि बाढी आओस् वा नआओस् तर तयार भएर रहनु पर्छ । अब बाढीको कुरा छाडिदिउँ । अलि बढी नै पानी भयो भने त्यसबाट बच्नु मुश्किलै रहन्छ ।

यसको कारण हो कि कृषिका विषयमा हामीले सोच्ने र योसँग मतलब राख्ने काम प्राय: छाडिसकेका छौं । लाग्दछ कि बौद्धिक व्यक्तिलाई कृषिसँग कुनै सरोकारै छैन् । उनीहरू प्रधानमन्त्रीको निर्वाचनका बारेमा चिन्ता गर्छन्, अमेरिकाको राष्ट्रपतिका बारेमा चिन्ता गर्छन्, अफगानिस्तानमा के भइरहेको छ त्यसको चिन्ता गर्छन्, इराकको बारेमा चिन्ता गर्छन् तर गाउँमा खेती गर्नेहरूको हालत के छ त्यसका बारेमे चिन्ता गर्ने कसैलाई फुर्सद छैन् । यो कुरा मैले यसकारणले भनेको हुँ कि चिन्ता गर्नु किन जरूरी छ ।

जनसङ्ख्याको वृद्धिदर करिब दुई दशमलव एक प्रतिशतले भइरहेको छ । मानौं कि मात्र दुई प्रतिशतले जनसङ्ख्या बढेको हो भने तैपनि उनीहरूलाई खुवाउनको लागि दुई प्रतिशत उत्पादकत्व दर पनि बढ्नु जरूरी छ । जब सम्पन्नता बढ्छ अनि उपभोगको प्रकृति पनि फरक हुन जान्छ । जस्तो, पहिला कम खान्थ्यौं भने अब बढी खाने, रोटी खान्थ्यौं भने एउटा तरकारीले काम चल्थ्यो भने खब दुईवटा तरकारी चाहियो । खानामा दाल-तरकारीसँगै हुन्थ्यो भने अब दाल-तरकारीमा चटनीका साथै तरूवा पनि चाहियो । जीवनस्तरमा जसरी वृद्धि हुँदै जान्छ, त्यसैगरी आवश्यक्ता पनि बढ्दै जान्छ । कृषि उत्पादनको उपभोगमा यसलाई पनि जोड्नु भयो । दुईलाई कम्तीमा डेढी त बढाउनै पर्छ अनि तीन प्रतिशत हुन्छ । त्यसको साथै अन्य आर्थिक वृद्धि दरमा पनि कृषिको योगदान हुनुपर्छ । खेती गर्नेहरू अलि राम्रो लुगा लगाओस्, मोटरसाइकल चढोस्, आफ्ना बच्चालाई बोर्डिङ्ग स्कूलमा पढाओस् । कहिलेकाहीं वैद्यनाथधाम जाओस् दर्शन गर्न, बिरामी भयो भने अस्पतालमा शुल्क तिर्न सकोस्, । यी सबै जोड्यौं भने अनि मात्र उनीहरूको आयमा केही वृद्धि हुनुपर्छ । यदि यसलाई पनि जोड्यौं कृषिमा करिब-करिब छ प्रतिशत वृद्धि हुनुपर्छ । यदि छ प्रतिशत वृद्धि कृषिमा छैन् भने गुजारा पनि त छैन् । छ प्रतिशत वृद्धि भनेको कठिन काम होइन । किनभने वृद्धिको सम्भावना पैंतीस सय प्रतिशतसम्म छ । जहाँ पैंतीस सयप्रतिशत भन्दा बढीको वृद्धिको सम्भावना रहन्छ, त्यहाँ छ प्रतिशत वृद्धिको लागि कुनै समस्या छैन् । तर यसका लागि प्रयास, सोच चिन्ताको आवश्यक्ता छ । तर चिन्ता गर्नको लागि कोही तयार छैन् ।

खेतीपातीको अवयवको बारेमा कुरा गर्‍यौं भने यसको सम्भावना कहाँ छ । जमीनको कुरा आइ नै सकेको छ । गंगा, ह्वाङहो, मेकंग र इरावार्दी आदिन । जब बर्माको इरावार्दी पनि धेरै उबजाउ भूमिमा गणना हुन्छ, जहाँ अहिले धानको उत्पादन करिब सोलहदेखि बीस मन प्रतिकट्ठा छ । चामलको सबैभन्दा ठूलो निर्यात देश अहिले थाइल्याण्ड पछि बर्मा नै हो । यसको कारण हो–अधिक उत्पादकता । अर्को कुरा खेतीपातीको अवयव त जल भयो जुन अन्य ठाउँको तुलनामा हामीहरूलाई बढी समस्या छ । हामीहरूको ठाउँमा नब्बे प्रतिशत वर्षा मात्र तीन महिनामा हुने गर्छ र बाँकी नौ महिना सुख्खा रहन्छ । यसको उपाय छ कि केही न केही पानी जम्मा गरेर हामीहरूले राख्नु पर्छ । जापान, बर्मा, थाइल्याण्डमा लगभग बाह्रै महिना हल्का-फुल्का वर्षा भइरहन्छ । त्यसैले सिँचाइका लागि हामीहरू जस्तो उनीहरूलाई चिन्ता गर्नु पर्दैन् । हाम्रो तिर पहिला पहिला लगभग अस्सी प्रतिशत पानी हुन्थ्यो तर त्यहि समयमा अहिले समयमे नब्बे प्रतिशतसम्म हुन थालेको छ । बाँकी नौ महिना भने सुख्खा रहन्छ । यसबाट कहिले बोराका बोरा नून रोटीमा रहन्छ भने कहिले त बिना नूनकै रोटी खाने अवस्था आउने गर्छ । जलको व्यवस्थापनमा समस्या छ । खेतीपाती तेस्रो अवयव हो मानव संसाधनको । आजकल जन पनि एउटा समस्या नै हो । समस्या यस हिसाबले कि खेतीपाती अब इज्जतको काम रहेन । मानव समुदाय जुनस्तरमा जन्म लिन्छ त्यसबाट राम्रो स्तर बनाउनु पर्छ भन्ने चाहना सबैलाई रहन्छ र यस परिवेशमा कृषिमा इज्जत न पाउने अवस्थामा कृषिमा कोही लाग्न चाहदैन् । कृषि र सभ्यतालाई जोड्ने विषयमा कृषिको माध्यमले सभ्यतामा जाने सम्भावना धेरै कम देखिएको कारणले कृषिमा रूचि घटिरहेको छ । यदि रूचि घट्छ भने स्वाभाविक हो कि क्षमता पनि घट्नेछ । रूचि रहन्छ भने मात्र क्षमता बढाउने प्रयास हुन्छ ।

चाथौ अवयव हो जङ्गल । त्यसमा पनि समस्या छ । खेतीपातीको अभिन्न अङ्ग हो जङ्गल । चराको लागि, हावाको आद्रता, पानीको आद्रताका लागि जङ्गल आवश्यक छ । हरेक जङ्गलमा समस्या देखिएको छ । कृषिसँग सम्बन्धित जमीनमा क्षमता यथावत रहे पनि बाँकी जल, जङ्गल र जनमा समस्या छ । त्यसैगरी, कृषिसँग सम्बन्धित जानवर पनि रहेको छ । त्यसमा पनि समस्या देखिन थालिएको छ । यस हिसाबले हलो-गोरू अब छुट्दैछ, तर दूधको लागि गाई पाल्ने कि गोरू पाल्ने ? हिन्दू सभ्यता हो, दूध नदिए पनि गौहत्या पाप हो । गाईको बच्चा बाछी मात्र होइन, बाछा पनि जन्मन्छ । र त्यसको हत्या हामीले गर्न सक्दैनौं । ती सबै कृषिको एउटा सम्पति थियो र अब ल्याबलिटी भएको छ । पहिला बाछीभन्दा बाछाको ज्यादै महत्व थियो । तर अब लाग्दछ कि बाछीको महत्व धेरै भएको छ । किनभने गोरूले खेती गर्ने परिपाटी हराउँदै गइरहेको छ र उसले दूध पनि त दिदैन् । अब यसलाई कसरी समाधान गर्ने भन्ने चुनौती छ र यो त्यति सजिलो भने छैन् ।

तर यी सबका बारेमा कसैलाई चिन्ता छैन् । हामीले कि त भन्नुपर्छ कि हलो जोत्नका लागि गोरूलाई बढाबा दिनुपर्छ । कि त गोरूको गोबर उत्पादन गर्नका लागि पनि पाल्न सकिन्छ जुन कसैको दलानमा सम्भव छैन् । यसका लागि फार्म हाउस सञ्चालन गर्न सकिन्छ । यसो गर्दा धार्मिक हिसावले गौप्राणीको प्राण रक्षा हुनेछ वा पूर्ण आर्थिक रूपले विचार गर्‍यौं भने मासु उत्पादनको स्रोतको रूपमा पनि यसलाई हेर्न सकिन्छ । यो यसैगरी चल्छ भन्ने होइन । सार्वजनिक चरण क्षेत्रलाई सुकुम्बासीको नाममा बाँडिएको छ । ती सुकुम्बासी गाउँको धनी र जमिनदार हुन् । सार्वजनिक चरण क्षेत्र समाप्त भइसकेको छ । पोखरीको डिल पनि सार्वजनिकै हुन्छ । अब बाखा र गाई गोरू चराएर गुजारा गर्ने व्यक्तिलाई मालजाल चराउनका लागि सार्वजनिक चरण क्षेत्र कुनै गाउँ-ठाउँमा रहेको छैन् । यहि कारणले कृषि चक्र अवरूद्ध भएको छ । नेपालमा खेतीहरबाट कृषक बन्न सुरूवात मधेशमा केही मात्रामा पृथ्वीनारायण शाहको समयबाट सुरू भएको हो । यसको संस्थागत रूप जङ्गबहादुरको समयबाट सुरू भएको हो । देव गुरूङ्गलाई कोट गरेर गोइतजी (जयकृष्ण गोइत)का अनुसार मधेशका सत्तरी प्रतिशत जमीनका मालिक पहाडी छन् । तीस प्रतिशत जमीनमा बाँकी मधेशीहरूको स्वामित्व छ । जनसङ्ख्याको हिसाबले मधेशमा तीस प्रतिशत पहाडी छन् । अर्थात् तीस प्रतिशत जनसङ्ख्यासँग सत्तरी प्रतिशत जमीन छ भने सत्तरी प्रतिशत जनसङ्ख्यासँग तीस प्रतिशत जमीन रहेको छ । त्यस तीस प्रतिशत जमीनमा मधेशका मालिकहरू जमीनसँग जुडेका छैनन् । सक्नेहरू जनकपुरमा र त्यसभन्दा बढी सक्नेहरू काठमाडौंमा बसिरहेका छन् र उनीहरूका जमीन अधिया वा बटैयामा अरूले जोतिरहेका छन् । अथवा पर्ती छाडिएको अवस्थामा छन् । कृषिको अनुपस्थित जमिन्दारहरूले खेतीको एसेटमा लगानी गर्दैन् । उसले किन इनार खन्न लगाउने ? किन आली बनाउनका लागि वर्षे पिच्छे खर्च गर्ने ? बटेदारले जे जति गर्छ त्यति भए पुगिहाल्यो । जे जति पाइन्छ ठिकै छ, होइन भने त्यसरी पनि ठीकै छ । कारण जमीनको भाउ त बढ्दै गइरहेको छ । हाम्रै परिवारमा जमीनको आलीसम्म नगएको व्यक्तिको सङ्ख्या दिनानुदिन बढ्दै छ । जग्गाको दाम यति धेरै बढिरहेको छ कि त्यसको उत्पादकत्वमा सोच्ने आवश्यक्ता कसैलाई महसुश भइरहेको छैन् । र सोच्दछ कि उत्पादकत्वमा लगानी गर्नुको अर्थ त्यसको फाइदा बटिदारले उठाउनेछ । जमीनको भाउ धेरै बढिरहेको छ । पचास रूपैया कट्ठा जमीन मैले पनि बेचेको हुँ । जसको भाउ अहिले दुई-तीन लाख प्रतिकट्ठा भइसकेको छ । जमीनको भाउ यसैगरी बढ्दै गइरहेको छ । अनि किन कसैले जमीनको उत्पादकत्वमा लगानी गर्छ । जोसँग पूँजी छ उसले लगानी गर्न सक्छ र जोसँग पूँजी छैन् उसले कहाँबाट लगानी गर्छ ? र पूँजीबला कृषिसँग सम्बन्धित छैन । यसप्रकार कृषिमा लगानी हुने कुनै सम्भावना नै छैन् । क्रमश:

> यसको कारण हो कि कृषिका विषयमा हामीले सोच्ने र योसँग मतलब राख्ने काम प्राय: छाडिसकेका छौं । लाग्दछ कि बौद्धिक व्यक्तिलाई कृषिसँग कुनै सरोकारै छैन ।

# मधेशमै सबैभन्दा ठूलो अवसर छ

**मधेशमा कम्युनिष्टहरूप्रति जहिले पनि निराशा त छँदैछ । मधेशको मसीहा हुँ भन्ने पार्टीहरू पनि मधेशी जनताको मुद्दामा भन्दा आफूलाई सत्तामा पुऱ्याउनका लागि बढी तत्पर देखिएका छन् ।**



डा.मिनेन्द्र रिजाल

प्रतिनिधिसभा सदस्य, नेपाली कांग्रेस

**० नेपाली कांग्रेसको भर्खरै सम्पन्न महासमिति बैठकको निष्कर्ष के रह्यो ?**

– पहिलो कुरा त महासमिति बैठक वार्षिक रूपमा हुनुपर्ने हो तर त्यो हुन सकेको थिएन । किनकि संविधान बनेपछि त्यसको कार्यान्वयनका लागि तीन तहको निर्वाचन भयो, त्यस अवधिमा सरकारको जिम्मेवारी पनि कांग्रेसले लियो र निर्वाचनहरू सम्पन्न भयो । निर्वाचनपछि हामी अनपेक्षितरूपमा नराम्रैसँग हार्‍यौं । त्यसको समीक्षा पनि गर्‍यौं । यी सब गर्दागर्दै समय लाग्यो । देशमा संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी राजनीतिक आधार हामी सिर्जना गर्‍यौं । पार्टीको विधान त्यसैअनुरूप संशोधन गर्नुपर्ने थियो । अहिले तीनै तहमा कम्युनिष्ट नै हावी भएका छन् । कम्युनिष्टहरूले संविधानको मूल मान्यता लोकतन्त्र, गणतन्त्र, संघीयता, समावेशिताप्रति धर्म र इमान राखेका छैनन् । यस्तो अवस्थामा कांग्रेसको सम्पन्न महासमिति बैठकबाट असाध्य ठूलो ऊर्जा देशभरि सञ्चारित भएको छ । साँच्चै खोजेजस्तैको पुनर्ताजगी महासमिति बैठकले दिन सक्यो ।

**० तर, कांग्रेसमा देखाबटिरूपमा पुनर्ताजगी देखिएको हो नि ?**

– देखावटी होइन । तत्कालै माघ १० गतेदेखि केन्द्रीय कार्यसमितिको बैठक छ । त्यो बैठकले महासमितिमा आएका सुझावको आधारमा विधान परिमार्जन गर्नुछ । राजनीतिक, आर्थिक प्रस्ताव, महामन्त्रीको प्रतिवेदनको टुंगो लगाउनुपर्ने छ । तत्कालै देशभरि कार्यकारिणी तहमा निर्वाचनको प्रक्रिया अगाडि बढ्छ । तल वार्डदेखि लिएर प्रदेशसभासम्म पार्टीको कार्यकारिणीको गठन हुन्छ । नयाँ संरचनाअनुसार कार्यकारिणी थिएन । अर्थात् सातआठ महिना पार्टी यही कार्यहरूमा लाग्नेछ । त्यस्तै प्रशिक्षणका कार्यक्रमहरू तयार गर्दैछौं । महामन्त्रीको प्रतिवेदनको आधारमा संगठनलाई बलियो साथ परिचालन गर्ने काम सुरू हुन्छ । त्यो खालको परिस्थितिको निर्माण महासमितिको बैठकबाट भएको छ । त्यसपछि हामी १४औं महाधिवेशनको तयारीमा जुट्नुपर्ने हुन्छ । त्यसैले पार्टीभित्र गतिविधि निरन्तररूपमा भइरहन्छ । त्यसो भएको हुनाले १४औं महाधिवेशनसम्म पार्टीको कामबाट कसैले पनि फुर्सद लिने अवस्था छैन ।

**० जुन चरम गुटबन्दीका कारण कांग्रेसले निर्वाचनमा नराम्ररी पराजय बेहोर्‍यो, त्यसको अन्त्य त भएन नि ?**

– झण्डै २५/२६ वर्षदेखि एउटै स्थायी प्रकृतिको गुट त छ । त्यो हाम्रा लागि सबैभन्दा ठूलो चुनौती हो । लोकतन्त्रमा गुटहरू त हुन्छन्, विषयसँग जोडिएका हुन्छन्, स्थायी प्रकृतिको गुटहरू हुन्न । कांग्रेसमा स्थायी प्रकृतिको गुट भएका छन्, त्यसलाई चिर्न सक्नुपर्छ । आउने महाधिवेशनको प्रमुख चुनौती त्यो पनि हो । तर, ती सबैका बाबजुद पनि नेताहरू एक ठाउँमा उभिएर महासमितिको बैठक सम्पन्न गर्नुभयो । कम्युनिष्टहरूको सर्वसत्तावादी सोचलाई परास्त गर्ने, संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउने, समावेशी राजनीतिको बलियो आधार सिर्जना गर्ने प्रतिबद्धता जनाउनुभयो । संविधानअनुसार नै पार्टीको काम अगाडि बढाउन नेताहरू एक ठाउँमा उभिएर साझारूपमा प्रस्ताव पारित भएको छ ।

**० त्यसोभए, अब गुटबन्दी हुन्न ?**

– गुटबन्दी हुँदैन भन्न खोजेको होइन । कार्यकारिणीको चुनाव हुने अवस्था छ । कार्यकारिणीको चुनाव नसक्दा नसक्दै महाधिवेशन तयारीको प्रक्रिया प्रारम्भ हुन्छ । भनेपछि अढाई तीन वर्ष त हामी निर्वाचनै चिर्वाचनको शिलशिलामा गुज्रिने हुन्छौं । त्यसैले निर्वाचनमा लड्ने बेलामा अलिअलि प्रतिस्पर्धा गर्दा विभिन्न पक्षहरू त देखिहाल्छन् नि । त्यसलाई लोकतान्त्रिक प्रतिस्पर्धाको रूपमा हेर्नुपर्छ । त्यसलाई स्वस्थ प्रकृतिको बनाउने हाम्रो जिम्मेवारी हो । पार्टीका नेतृत्व पंक्तिका नेताहरूले नेपालको प्रजातान्त्रिक आन्दोलनमा धेरै ठूलो योगदान गर्नुभयो । शेरबहादुर देउवा र रामचन्द्र पौडेलको पुस्ताले असाध्यै ठूलो योगदान गरेको छ । ५०-५२ वर्षदेखिको राजनीतिमा लामो समय जेल बस्ने थुप्रै नेताहरू हुनुहुन्छ । तर, यी सबैका बाबजुद अब कम्युनिष्टहरूसँग लड्न ऊर्जा चाहिएको छ त्यो ऊर्जा पार्टीका अर्को उमेर समूहले दिन सक्नुपर्छ । आउने महाधिवेशनमा शेरबहादुर देउवा र रामचन्द्र पौडेल पुस्ताको सम्मान गर्ने, योगदानप्रति कृतज्ञ हुने तर पार्टीको नेतृत्व अब भाईपुस्तामा सार्ने प्रबन्ध गर्नुपर्छ । यसले गर्दा उहाँहरूको सम्मान पनि हुने, अभिभावकत्व पनि हुने र अब आउने दिनका चुनौती सामना गर्न सक्ने कांग्रेस आउँछ । जनताको सबैभन्दा प्रिय पार्टीको रूपमा पुन: स्थापित हुनसक्छ ।

मधेशमा कम्युनिष्टहरूप्रति जहिले पनि निराशा त छँदैछ । मधेशको मसीहा हुँ भन्ने पार्टीहरू पनि मधेशी जनताको मुद्दामा भन्दा आफूलाई सत्तामा पुऱ्याउनका लागि बढी तत्पर देखिएका छन् । आमरूपमा मधेशमा निराशा देखिएको छ । म पनि मधेशकै मान्छे हुँ । गएको १०-१२ वर्षमा कांग्रेसले मधेशमा जनाधार गुमाएको छ । त्यो जनाधार फिर्ता लिएर आउन अहिले एउटा अवसर बनेको छ । त्यो अवसरलाई सदुपयोग गर्नुछ । युवा, महिला, विभिन्न पहिचानका समुदायको बीचमा गएर सबैको समर्थन आफ्नो पक्षमा लिएर आउनुछ । यी सबै काम गर्नका लागि एउटा बलियो अवसर भएको छ । हामी हरेक तहमा सत्ता बाहिर छौं र अर्को चार वर्षसम्म हामी सत्ता बाहिर हुन्छौं । सत्ता बाहिर हुँदा कांग्रेसले जनतासँग जोडिने काम गर्नुपर्छ । जनताका सबैभन्दा प्रिय पार्टीलाई फेरि लोकप्रिय बनाउनुछ । त्यो बनाउने अवसरका रूपमा विपक्षमा बस्ने, जनताको पक्षमा बस्ने, सरकारले गरेका राम्रा कामको समर्थन गर्ने, नराम्रा कामको विपक्षमा उभ्ने र जनताको घरदैलोमा जाने अवसर हामीलाई प्राप्त भएको छ । त्यसैले कांग्रेसले सत्तातर्फ हेर्दै नहेरी आउने चार वर्ष जनताको पक्षमा काम गरेर नेपाली जनताको प्रिय पार्टीको रूपमा निर्माण गर्ने अवसर आएको छ । त्यो अवसरलाई सदुपयोग गरौं त्यहीं नै महासमितिको सन्देश पनि हो ।

**० तपाइँले भनेजस्तै कांग्रेसले मधेशबाट जसरी आफ्नो जनाधार गुमाउँदै गयो, अहिले मधेशप्रति कांग्रेसको रणनीति के छ त ?**

– कांग्रेसले मधेशबाट दिनप्रति दिन जनाधार गुमाएको होइन । खासगरी २०६४ सालको निर्वाचनमा हाम्रो आधार गुम्यो । हामी मधेश र पहाडमा उत्तिकै मत पाउँथ्यौं । मधेशमा धेरै पार्टी र उम्मेदवारहरू भएको हुनाले त्यतिकै मत पाउन सकेनौं । मधेशमा हामी धेरै सीट जित्थ्यौं । २०६४ पछि मधेशमा हाम्रो समर्थन बढेको त छ तर सीट घट्यो । किनकि दुईटा मधेशी दल एकातिर र दुईटा कम्युनिष्ट पार्टी अर्कोतिर भएर हामीसँग प्रतिस्पर्धा गरे । मधेशका जनतालाई पहिले भ्रम पनि भएको थियो । नेपालका मूलधारका पार्टीहरू पहाडेहरूको मात्रै नजिक हुन् भन्ने खालको भ्रम थियो । त्यो भ्रम टुटेको छ । मधेशीले नै नेतृत्व गरेको पार्टीले भलाइ गर्छ कि भन्ने आशा गरेका थिए मधेशका जनताले । तर, तिनीहरू पनि मधेशी जनताका मुद्दाभन्दा सत्ताका लागि लागेका छन् भन्ने कुरा प्रष्टरूपमा देखा परेको छ । त्यसैले हामीले मधेशको मुद्दालाई नै ध्यानमा राखेर संविधानमा रहेका असन्तुष्टिहरूलाई सम्बोधन गर्छौं भनेर तत्कालीन प्रधानमन्त्री दिवंगत नेता सुशील कोइरालाले संविधानसभामा प्रतिबद्धता व्यक्त गर्नुभयो । त्यो प्रतिबद्धताअनुसारको संविधान संशोधन गराउने, जनसिद्ध नागरिकका सन्तानले वंशजको आधारमा नागरिकता पाउने, मधेशी समुदायका मानिस नहेपिने कुराहरूलाई हामीले आत्मसात गरेका छौं । तर, हिजो गुमेको विश्वास प्राप्त गर्ने अवसर छ । सबैभन्दा ठूलो अवसर मधेशमै छ, मधेशी जनताको बीचमा छ ।

**० कांग्रेसले संविधान संशोधनमा सघाउने भनेको छ, तर कुन-कुन विषयमा गर्नेबारे छलफल गरेको छैन नि ?**

– किन छैन ? हाम्रो पार्टीको नेतृत्वमा सरकार हुँदा संविधान संशोधनका लागि प्रस्तावै दर्ता गराएका थियौं । हामीले जुन संशोधनका प्रस्ताव दर्ता गरायौं, त्यहीं प्रस्तावको पक्षमा अहिले पनि छौं । त्यसको पक्षमा सबै जना आउनुपर्छ भनेर हामीले सदनमा भनिरहेका छौं । हाम्रो त लिखितै छ, दर्ता गरेको प्रस्तावै छ नि त ।

**० तपाइँहरूले दर्ता गराउनुभएको संशोधनको प्रस्तावले मधेशको समस्या समाधान हुन्छ ?**

– त्यो प्रस्तावले मधेशी जनताको चाहनाअनुसार उठेको कुराहरूलाई समाधान गर्छ । तर, संविधानले मात्रै पुगेन न नि त । राज्य सबै जनताका लागि **उपयी** हुनुपर्छ । हिजोको एकात्मक शासनबाट संघीय शासनमा गएका छौं । ७५३ वटा स्थानीय तहको सरकार छ, ७ वटा प्रदेशको सरकार छ । अब सरकारले गर्ने काम, संविधान संशोधनपछि बन्ने कानूनहरू, ती कानूनको कार्यान्वयन अनि विकास निर्माणका नीतिहरू, स्थानीय तहको विकासका गतिविधिहरू अगाडि बढाउने कुराले स्वाभाविकरूपमा विस्तारै यी समस्याहरूलाई सम्बोधन गर्दै जान्छ र गर्न सक्छौं भन्ने विश्वास छ ।

# मधेशीको भावनालाई राजनीतिकरण गरिएको छ



डा.सूर्यराज आचार्य

प्रवक्ता, विवेकशील साझा पार्टी

**मधेशको राजनीति अहिले यति गिजलिएको छ कि त्यसलाई फुकाल्न चुनौती छ तर त्यसमा हामी सफल भयौं भने हाम्रो लागि अवसर पनि हो ।**

**० विवेकशील साझा पार्टी एकीकरण भएको डेढ वर्षमै किन विभाजित हुन पुग्यो ?**

– एकीकरणका बेला दुई पार्टीका सिद्धान्त, हामीले सोचेको वैकल्पिक सम्वाहक शक्तिको स्वरूपका विषयमा टुंग्याएकै थियौं । तर, एकता हुने बित्तिकै हामी चुनावमा गयौं । चुनावपछि जब पार्टी निर्माणको चरणमा जाँदा, जो साथीहरू अहिले छुट्टिएर जानुभएका छन्। त्यसमध्येका दुई जना वार्ताको टेबुलमा हुनुहुन्थ्यो । हामीले पार्टीको दर्शनमा कल्याणकारी लोकतन्त्र भनेका छौं, मार्गदर्शक सिद्धान्त सहभागितामूलक लोकतन्त्र, समन्वयात्मक बजार अर्थतन्त्र, सामाजिक न्याय, समावेशिता विचारहरूमा हामी संयुक्त भएर एक ठाउँमै पुग्यौं । तर, जब संगठन विस्तारको कुरा आयो त्यसमा केही फरक मतहरू प्रकट भए । ती कुराहरूमा हामी पहिला नै सहमतिमा पुगेका थियौं । फेरि ती पुराना कुराहरू आए । त्यसैले, एकताका जुन भावना हो त्यो मर्म एउटा समूहमा राम्ररी सम्प्रेषण भएनछ । त्यसले गर्दा यो पार्टी फुट्नै पर्ने मतभेद थिएन । किनभने राजनीतिक पार्टी फुट्नका लागि राजनीतिक कारण हुनुपर्छ ।

**० त्यस्तो मतभेद थिएन भने एक्कासी फुट्दा आश्चर्य लाग्यो ?**

– हाम्रो लागि त्यो विभाजन एउटा दु:खद् आश्चर्य नै भयो । उहाँहरू जुन १६ जना अलग हुनुभयो, उहाँहरू पनि ती असन्तुष्टिका कुरामा एकमत हुनुहुन्न । संयोजक उज्जवल थापाले पार्टी पंक्तिलाई छलेर एकै चोटि मिडियामा जसरी सार्वजनिक गर्नुभयो, त्यसपछि उहाँभित्रै धेरै साथीहरूको विमति थियो । हामी सुसंस्कृति राजनीतिक विधि र पद्धति भन्छौं । संयोजकजस्तो जिम्मेवार व्यक्तिले त्यो पद्धतिभन्दा बाहिर जानुभयो भन्नेमा केही साथीहरूको त्यसमा असन्तुष्टि थियो । त्यसैले, उहाँहरूले एक्कासी छापामार शैलीमा त्यो निर्णयमा पुग्नुभयो त्यो त आश्चर्य छँदै नै थियो । अहिले चुनावमा हामी जुन मत पायौं, त्यो मतले गर्दा आमजनतामा आशा पलाएको थियो । यो पार्टीले राष्ट्रिय राजनीतिलाई केही नयाँ निकास दिन्छ कि भनेर आमजनतामा आशा जगाएको बेलामा यो निराशाको ठेस लाग्ने त्यसले हामीलाई थप पीडा दियो ।

**० उज्जवल थापा समूहका सबै जना निस्किनुभएको हो ?**

– उहाँहरू जति आउनुभएको थियो, त्यो ब्लक नै जानुभयो । राजनीतिमा जोडिने र छुट्टिने मजाकको कुरा होइन । राजनीति भनेको त जनताप्रति उत्तरदायी हो नि । हामीले पाँच वटा प्रदेशमा उहाँहरूको सहमतिमा प्रदेश संयोजकहरू चयन गरेका थियौं, उहाँहरूलाई समेत खबर गरिएन । त्यो त हाम्रा साझा साथीहरू हुनुहुन्थ्यो नि त । प्रदेशका कोही साथीहरू जानुभएन । उहाँहरू फुटेर जानुभयो, हाम्रो शुभकामना नै छ । तर, उहाँहरू नयाँ राजनीतिक पार्टी नै बनाउन खोज्नु भएको हो भने उहाँहरूमा राजनीतिक स्पष्टता आओस् ।

**० जसरी नेपालका राजनीतिक दलहरूको ठूलो रोगको रूपमा रहेको विभाजनबाट विवेकशील साझा पनि अछुतो रहन सकेन ?**

– परम्परागत ठूला दलहरूको फुट र अहिलेको विवेकशील साझाको फुटको आधारभूत स्वरूप नै फरक छ । हामी त अहिले पार्टी नै भइसकेको छैनौं । हाम्रो केन्द्रीय नेतृत्व तदर्थ हो, कुनै निर्वाचित होइन । दुई/तीन वटा अधिवेशन गरिसकेर, सबै संगठन पूर्ण विस्तार भइसकेर, पार्टीको माथिल्लो तहमा रहेका नेताहरूको आआफ्नै जनाधार हुने अनि त्यसरी पार्टी फुट्यो भने माथिदेखि तलसम्मकै स्प्रिट हुन्छ । तर, अहिले १६ जना साथीहरू जानुभयो तर तलसम्म हाम्रा शुभेक्छुक पंक्तिहरू गएको अवस्था छैन । यो फुटले ठेस लाग्यो र अब दह्रोसँग खुट्टा टेक्नुस् भन्ने खालका सन्देश पाइरहेका छौं । त्यहीं उत्साहको आधारमा हामीले अर्को वर्षको फागुनमा महाधिवेशनको घोषणा गरेका छौं । यो माघको १२ र १३ गते राष्ट्रिय सन्देश भेला भनेर देशभरिकै सदस्यहरूलाई काठमाडौंमा डाकेर यो बारेमा ब्रिफिङ्ग गर्दैछौं । त्यसमा विवेकशील साझाको अबको अगाडिको बाटो के, विकास र समृद्धिको परिभाषा के, राष्ट्रिय मुद्दाहरूमा विवेकशील साझा कहाँ छ यावत यी कुराहरूमा हामी छलफल चलाउँछौं ।

**० पार्टी फुट्ने बित्तिकै महाधिवेशन घोषणा गर्नुको कारण के हो त ?**

– सुरूको एक वर्ष हामी निर्वाचनमा सहभागी हुनुपर्‍यो । अर्को कुरा एकताका मर्म नै उहाँहरू विस्तारै बिर्सिनुभयो । त्यो भएपछि राजनीतिक मुद्दा, महाधिवेशन कहिले गर्ने, पार्टीको संगठन कसरी बढाउने भन्दा पनि केन्द्रीय नेतृत्वमै आन्तरिक व्यवस्थापनमा हामी गुज्रिनुपर्‍यो । सधैं मसिना कुरामा अल्झिँदा महाधिवेशनको मिति त तोक्छौं तर वैकल्पिक पार्टीको हामी सम्वाहक हुने वा राष्ट्रिय मुद्दाबारे प्रष्टता ल्याउन सक्दैनौं । ६०/७० वर्ष पुरानो इतिहास बोकेका पार्टीहरूलाई चुनौती दिनका लागि मिशन पनि त त्यस्तै हुनुपर्‍यो नि । अब हामीबीच अन्योलता रहँदैन । मधेशदेखि पहाडसम्म नेपालको भविष्य कोर्ने यो पार्टी हो भन्ने किसिमको हामी महाधिवेशन भव्यताका साथ गर्ने आत्मविश्वास बनायौं ।

**० विवेकशील साझा पार्टीले 'मधेश मिशन' सुरू गर्ने भनेको छ, त्यो के हो ?**

– अहिलेका ठूला दलहरू र केही पारम्पारिक दलहरूले व्यवस्था परिवर्तन गरे, पञ्चायती निरंकुशताबाट प्रजातन्त्र ल्याए, प्रजातन्त्रबाट लोकतन्त्र र गणन्त्र ल्याए । नयाँ संविधान ल्याए त्यो धेरै स्तुतीय काम गरेका छन् । तर, जनताका अवस्था बदल्न सकेनन् । अहिले भ्रष्टाचारका कुराहरूमा ठूला दलका नेताहरू मुछिएका छन् । नाम त फरक छ तर 'काले काले मिलि खाउँ भाले' जस्तै छन् । त्यसैले जनताले अहिले एउटा जबरजस्त राजनीतिक विकल्प खोजेका छन् । त्यसैगरी, मधेशको मुद्दालाई हामी एकदमै मिहीनसम्म अवलोकन गरिरहेका छौं । अहिले आएको संविधानमा मधेशका जनताका धेरै आकांक्षाहरू र सपनाहरू बुनिएका छन् । यो देश संघीयतामा जान मधेश आन्दोलनको ठूलो योगदान छ । तर, मधेशका जनताको अझै गुनासाहरू छन् । त्यसैले हामीले मधेशका जनताको भावना के हो भनेर मधेश मिशन सुरू गर्न गइरहेका छौं । मधेशमा अलिकति भावनात्मक, अलिकति मन दुखाईका कुराहरू पनि छन् । भावनात्मक र मन दुखाईको कुरोमा राजनीति प्रवेश गर्दा त्यसको जरोमा पुगेर समाधान गरिएन भने त्यसले झन् किचलो गर्छ । अहिलेसम्म भएकै त्यहीं हो । त्यसैले साँच्चिकै मधेशको समस्याको जरोमा पुगेर गाँठो फुकाउन चाहन्छौं । त्यसका लागि मधेशका विभिन्न तप्काबाट सुनौं र बुझौं कि मन दुखाई के हो भनेर मधेश मिशन सुरू गर्न लागेका हौं । कतिपय जायज होलान्, कतिपय कुरामा राजनीति पार्टीले भ्रम पारेका होलान् । कतिपयले मधेशी जनताको पवित्र भावनालाई राजनीतिकरण गरेका होलान् । सबभन्दा पहिला त्यहाँका तथ्यहरू बुझ्नुपर्‍यो । मधेश मिशनपछि हाम्रो पार्टीले मधेशलाई हेर्ने दृष्टिकोण माथिल्लो सोच छ । मधेशको भावनालाई प्रतिविम्बित गर्ने किसिमले हामी सफल हुनेछौं ।

**० 'मधेश मिशन' मधेशका कुन-कुन जिल्लामा सुरू गर्दै हुनुहुन्छ ?**

– हामी प्रदेश २ का सबै जिल्लामा पुग्छौं । अहिले पनि हाम्रा सदस्य तथा कार्यकर्ताहरू हुनुहुन्छ । त्यहाँका अगुवा नागरिक समाज, बुद्धिजीवी र पत्रकार साथीहरूले फिडब्याक दिइरहेका छन् । अहिलेसम्म हामी एकदमै आशावादी छौं । राजनीतिक दलले मधेशको बारेमा आदर्शवादी कुरा लेख्न गाह्रो छैन तर, त्यसले मात्र न्याय हुँदैन । हामीले त्यसलाई चुनौती र अवसरका रूपमा लिएका छौं । मधेशको राजनीति अहिले यति गिजलिएको छ कि त्यसलाई फुकाल्न चुनौती छ तर त्यसमा हामी सफल भयौं भने हाम्रो लागि अवसर पनि हो ।

**० भनेपछि मधेशका आठ वटा जिल्लामा मात्रै ?**

– राजनीतिक हिसावले प्रदेश २ का आठ जिल्ला हो । तर मधेश भनेको त पूर्वदेखि पश्चिमसम्म नै फैलिएको छ नि । अन्य प्रदेशमा रहेका मधेशी साथीहरूको पनि फिडब्याक लिइरहेका छौं । तर, प्रदेश २ मा किन केन्द्रित गरेका छौं भने त्यहाँ मधेशका मात्रै आठ जिल्ला छन् र त्यहाँ हामीले संयोजक पनि चयन गर्नुपर्ने छ । हाम्रो मधेश मिशन मधेशका सबै जिल्लामा हुन्छ । हामीले मधेशका खास पीडा र समस्या बुझ्ने हो, सुनाउने होइन ।

**० तपाइँहरूले कल्याणकारी लोकतन्त्र भन्नुभएको छ, के हो त्यो ?**

– लोकतन्त्रमा हामीले परिष्कृत लोकतन्त्र भनेका छौं । अहिले नेपाली कांग्रेसले अभ्यास गरेको लोकतन्त्रभन्दा पनि हाम्रो सहभागितामूलक लोकतन्त्र । पाँच वर्षमा चुनाव जित्ने, त्यसपछि सिंहदरबार जाने अनि सिंहदरबारको स्रोतलाई दुरूपयोग गरेर अर्को पाँच वर्षको चुनावको तयारी गरेर लोकतन्त्र भन्ने तर जनताप्रति कहिल्यै पनि उत्तरदायी नहुने । धन र बलको भरमा चुनाव जित्ने त्यो लोकतन्त्रको विकृत रूप हो । हामीले सहभागितामूलक लोकतन्त्र भनेको चुनाव जितेर गइसकेपछि सिंहदरबारबाट शासन चलाउँदै गर्दा पनि जनताको भावना प्रतिविम्बित हुनुपर्‍यो । तर, लोकतन्त्रले मात्रै पनि हुँदारहेनछ । लोकतन्त्रले झुपडीमा बस्ने गरिब नेपालीदेखि महलमा बस्ने नेपालीसम्मका आकांक्षा सम्बोधन गर्न सक्नुपर्‍यो । कल्याणकारीको अर्थ के हो भने समाजमा रहेका कमजोर वर्ग, विभेदमा परेका वर्गलाई राज्यले हेरिदिनुपर्छ । लोक कल्याणकारी राज्यका विभिन्न नीति र औजारहरू हुन्छन् । नेपालको राजनीतिमा हामीले यो नयाँ शब्दावली नै प्रतिपादन गरेका हौं ।

(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)

# मधेश आन्दोलनको उपलब्धिको मापन



**जेपी गुप्ता**

> उपेन्द्रजीहरूको मूल ध्यान मधेशका सवालहरूमा केन्द्रित हुनु पर्नेमा जुन अहिले छैन । उहाँहरू मधेशबाट विमुख हुनु भएको छ ।

मुलुक भित्र 'समृद्धि र विकास' को सपनाको नाममा परिवर्तनका आधारभूत सवालहरूलाई पन्छाउने खेललाई अब मधेश तिर सारिएको छ । अब मधेशी पार्टीहरू स्वयं यस खेलमा लागि परेको छ ।

स्थानीय निकायहरू, प्रादेशिक सरकार र संघीय सरकारमा रहेका संघीय फोरम र राजपाका नेताहरूले मधेश आन्दोलनका सवालहरूलाई बिर्सेर तिनको राजनीतिक सफलताको मापक गरिरहेका विकास निर्माणका कामलाई बनाउनु पर्छ ।

विकास एक प्रक्रिया हो । राणा कालमा कसैले नसोचेको बेलामा पनि मधेशमा चन्द्र नहर र काठमाडौंमा जल विद्युत केन्द्र बनेको थियो । पञ्चायती व्यवस्थामा पनि मधेशमा पूर्व पश्चिम राजमार्ग, जनकपुर चुरोट कारखाना, वीरगञ्ज चिनी कारखाना जस्ता अनेकन कार्यहरू भएको थियो । यी कार्यहरूले न त बहुदलीय प्रजातन्त्र स्थापनाको आन्दोलनलाई औचित्यहीन बनायो न त मधेशीहरूको अधिकारको आन्दोलनलाई नै समाप्त पार्न सक्यो । उपेन्द्रजी सत्ता भन्दा पनि मधेशका सवालमा केन्द्रित हुनु पदर्थ्यो । विकास निर्माणका लागि न त उहाँ आदि पुरूष हुनुहुन्छ, न त अन्तिम पुरूष नै । राजबिराजमा अहिले पुन: विमान सेवा शुरू भएको छ । तर हवाई मैदानको शिलान्यास त गणेशमान सिंहले नै गर्नु भएको थियो । आज भन्दा दशकौ पहिले सगरमाथा अंचल अस्पताल बनेको थियो । यी सब थियो, अझै हुँदै जाला । तर उपेन्द्रजीहरूको मूल ध्यान मधेशका सवालहरूमा केन्द्रित हुनु पर्नेमा जुन अहिले छैन । उहाँहरू मधेशबाट विमुख हुनु भएको छ ।

मधेशी समुदायका केही कमजोर पक्षहरू मध्ये इतिहासको ठिक विवेचना गर्न न सक्नु र तथ्यको आधारमा व्यक्ति र पार्टीको मूल्यांकनको परिपाटी बसाल्न नसक्नु पनि हो । सम्भवत: यही कारणले असंख्य गल्ति, बेइमानी, धोका, समर्पण तथा मुद्दा विसर्जनका बावजुद पनि संघीय फोरम, राजपाहरूको कथित क्रान्तिकारी मुखुण्डो उध्रिन सकेको छैन । अहिलेको अवस्थामा सिमित रूपमै भए पनि मधेशीहरूको प्रतिनिधित्व स्थानीय निकाय, प्रादेशिक सरकार र संघीय सरकारमा छ । यो नै आन्दोलनको उपलब्धि होइन, आन्दोलनको उपलब्धिको मापन त आन्दोलनका सवालहरूको संवैधानिक संस्थापनबाट मात्र हुन सक्दछ । अब मधेशका नागरिक समाज, राजनीतिक कार्यकर्ताहरू, सबैले वस्तुनिष्ठ तथ्यहरूको आधारमा आन्दोलनका उपलब्धिहरूको मूल्यांकन गरिनु पर्दछ ।

२० जिल्लामा बहुमतमा रहेको मधेशी समुदाय आठ जिल्लामा खुम्चेको छ । अब हेर्नु छ, यी आठ जिल्लामा कहिलेसम्म मधेशी समुदाय अल्पमतमा पर्ने हुन् । राज्य मात्र होइन, स्वयं मधेशी पार्टीहरूका कारणले पनि मधेश भौगोलिक रूपमा र मुद्दागत रूपमा समाप्त हुन लागेको छ । तिब्बतमा तिब्बतीहरू भूगोल र पहिचान दुबै गुमाए झैंको हविगत मधेशीहरूले ब्यहोर्नु पर्नेछ । के आजका संघीय फोरम र राजपा जस्ता सत्तालम्पट कथित मधेशी पार्टीहरूले यस विनाशबाट मधेशलाई जोगाउन सक्छ र ? यी संघीय फोरम तथा राजपालाई मधेशका हित चिन्तक मान्ने र यिनका नेता कार्यकर्ताहरूलाई क्रान्तिकारी ठान्ने मधेशीहरूको भ्रमका कारणले यहाँ क्रान्तिकारी मधेशीहरूको संगठनको निर्माण नै हुन दिएको छैन । यसर्थ, यसको पहिचान गरी, भ्रमबाट मुक्त भई नयाँ मधेशी शक्तिको निर्माण नगरी मधेशका मुद्दाहरूको रक्षा हुन सक्दैन ।

अब मधेशीहरूका सामु तीन विकल्प छन्-राज्यका सामु आत्म समर्पण, बाँच्न न सकेर भारत तिर पलायन र संघर्षको निरन्तरता । अब यही मध्ये एक रोज्नु पर्ने जरूरी छ ।

*(तराई मधेश राष्ट्रिय अभियानले पौष २८ गते सप्तरीको राजविराजमा आयोजना गरेको नागरिक संवाद कार्यक्रममा गुप्ताले दिएको विचारको सम्पादित अंश)*

## सचिव विद्यानाथ झाको बयान

# 'गल्ति गरेको छु भने बाह्रबिघामा लगेर झुन्ड्याउनु होला'



सचिव विद्यानाथ झा

१. न्यायको पक्षमा आवाज उठाईदिने सम्पूर्णमा धन्यवाद दिन चाहन्छु। अन्तिम पलसम्म म झुक्दिन, सम्झौता गर्दिन र दोषी न्यायको कठघरामा नाउञ्जेल कानुन को सीमामा बसेर संघर्ष गर्छु। न्यायको लागि तपाईको साथ चाहिएको छ ।

२. देशको सुशासन र भलाईको लागि थप्पड त के कुनै दिन लाठि, भाला, बन्दुकको गोलि खादा पनि गर्व अनुभूति गर्छु। देशको लागि जिउने र आवश्यक परे ज्यान अर्पण गर्न पछि पर्दिन, र देशको लागि शहिद हुनु परेको दिन मेरो जीवन को उत्कृष्ट दिन हुनेछ,

३. जनकपुरमा योग्यता, क्षमता, इमान्दारिता उपर जातियता हावी छ, त्यसकारण मैले भन्दै न भनेको कुराहरू पनि 'जातीय सेवा' सोचेर मिडियामा आएको छन। म मा. मन्त्रिज्यु को जात, धर्मलाइ आदरको दृष्टिले हेर्छु. मेरा मित्रहरू नेपाल भरिका सम्पूर्ण जातजातिका छन्। त्यसकारण 'जातीय' हिसाबले समर्थन वा बिरोध न गरिदिन निवेदन गर्दछु। जो यो मामिलालाई जातीय रंग दिन खोज्दै हुनुहुन्छ उनलाई उनको संकीर्णता नै मुबारक, तपाई त्यहि युगमा जिउनुस। म यसलाई कानुनी रूप र कानुनी सिमामा रहेर नै न्याय खोज्ने छु, तर जनकपुरको बायुमा रहेको जातियताबाट म न्याय पाउछु भन्ने मा आशंकित छु। हो, त्यसरी न्याय पाइन भने त्यसबेला म र मेरो परिवार लज्जित हुनेछ। तर तपाईहरू को सत्यमा आधारित सहयोग जारि रह्यो भने त्यो दिन न आउला ।

४. महोत्तरी हुदा सरकारी गाडी दशैं बिदा मा न दिएकै हो, म माथि पदासिन बाट गालि गलौज भएको हो, मेरो के गल्ति देख्नु हुन्छ ? कर्णालीमा बैसाख १ गतेमा भएको कार्यक्रमको नक्कली बिल भर्पाइ दिन इन्कार गर्दा, पी ए साहेबले गालि दिनु भएको हो, मेरो के गल्ति देख्नु हुन्छ ? म जातवादी सोचको भए मा. यदुवंश झा जी लाइ सरकारी गाडी दुरूपयोग गर्न दि दिन्थे, झगडा हुन्नथ्यो। मा. नन्द सि बुढा मन्त्रि ज्यु संग भनाभन समेत भएको थिएन, उनको भान्जा पर्ने पी ए ले मलाई क्वाटरमा आएर गालि किनु भो, म ग्रिल खोलिन सहेर नै बसे, सरूवा भएकै दिन रमना बुझे र हिडे, कहाँ देख्नु हुन्छ मेरो गल्ति ?

५. केहि कर्मचारी चुप लागेर अनियमितता गर्छन, सब्बैलाइ मिलाउन सक्ने बन्छन। म अनियमितता बर्दास्त गर्दिन, जानकारी सार्वजनिक गर्छु, के गलत गर्छु ? म मन्त्रालयमा आए देखि तेलको बिल मात्रै तुलना गर्नुस। म भन्दा पहिला एक ठाउमा ७०० लिटर डिजेल जान्थ्यो, त्यहि ठाउमा अहिले ७० लिटर पनि गएन, यो मेरो गल्ति हो ? सज्जन भनौदा कर्मचारीहरू पत्रिकामा बिज्ञापन दिदा उही स्पेसको १५०,००० भुक्तानी दिए, मैले पत्रिकालाई बोलाएर धेर भो, कम गर्नुस, र ३५००० मात्र बनाए। यो मेरो बदमाशी हो? गरिब जनताका लागि लड्दा बिचौलिया रिसाउछन, कुटपिट गर्लान, मारी देलान, म हच्किदैन। जनताप्रति उदार र सज्जन बन्छु, बिचौलिया प्रति होइन ।

६. NGO Selection का लागि अनेक अनियमित दबाब थियो, एउटा (जिल्ला अध्यक्ष लेवेल ) राजनीतिग्यले त शहिद बनाई दिन्छु समेत मा. मन्त्रि (वन) जी कै अगाडी भन्नु भो। तर डर, त्रास, लोभ, लालच सब भन्दा माथि उठेर रिजल्ट निकाली दिए। तपाई जुनसुकै निकाय बाट छानबिन गरौनुस, पत्रकार जी हरू पनि अफिस मा आएर हेर्नुस। दोषी ठहरे जे सजाय हुन्छ मन्जुर छ, तर राम्रो काम गर्दा थप्पड खानु पर्ने ? र न्यायको लागि अवाज उठाउदा मानसिक सन्तुलन गुमाएका सम्मका अपमान खप्नु पर्ने ?

७. पिटाई खाई सकेपछि म भावावेश मा जे बोले त्यो उता बाट पनि भनिदै थियो, भिडिओ म तिर मात्रै फर्काएर बनाइएको छ। तर पनि म आफुलाई लात्तीले हिर्काइ सके पछि पनि नियन्त्रणमा राख्नु पर्थ्यो। तर त्यतिले मा. मन्त्रि ज्युको अपराध मुक्त हुने अवस्था बन्दैन ।

तसर्थ, सारांशमा म के भन्छु भने म सहि कुरामा झुक्न सिकेको छैन, गल्ति गरेको छु भने बारहबिघामा लगेर झुन्ड्याउनु होला, तर जातपात भन्दा माथि उठ्नुस र सत्यको संघर्षमा मलाई साथ दिनुस भन्ने निवेदन गर्दछु!

# गैरजिम्मेवारीपनको कारण अस्पतालको दुर्दशा : मेयर गुप्ता

**राकेश यादव**

रौतहट । गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ताले जिल्ला अस्पताल गौरका कर्मचारीहरूको गैरजिम्मेवारीपनाको कारण अस्पतालको दुर्दशा भएको आरोप लगाएका छन् । आफ्नो दायित्वप्रति इमान्दारितापूर्वक कार्य नगरेकोले सेवा प्रवाह स्तरीय नभएको उनले दावी गरेका छन् ।

गौर नगरपालिका कार्यालयको आयोजनामा गौरस्थित कर्मचारी मिलन केन्द्रको सभाहलमा आयोजित खोप सेवाको अवरोध विश्लेषण तथा योजना तर्जुमा सम्बन्धी दुई दिवसीय कार्यशाला गोष्ठीको उद्घाटन समारोहमा सम्बोधन गर्दै मेयर गुप्ताले बालबालिकाका लागि खोप महत्वपूर्ण भएकोले खोपको जिम्मा लिएका कर्मचारीले यसको विषयमा लापरवाही गर्नु निन्दनीय रहेको टिप्पणी गरे ।

जिल्ला अस्पतालका खोप कर्मचारीले खोप फाँटमा ताल्चा लगाएर फरार भएपछि आफै गएर ताल्चा तोडेर खोप चलाएको स्मरण गर्दै अबदेखि यस्तो नगर्न कर्मचारीहरूलाई सुझाव दिए । गौर नगरपालिकालाई पूर्ण खोप नगरपालिका बनाउने उद्देश्यले यूनिसेफको सहकार्यमा कार्यशालाको गोष्ठीको आयोजना गरिएको हो ।

खोप कार्यक्रमलाई प्रभावकारिता बनाउने लक्ष्यसहित आयोजना गरिएको कार्यक्रममा मेयर गुप्ताले गौर नगरपालिका शिक्षा र स्वास्थ्यको विकासमा आधी बजेट खर्च गर्ने बताए । उनले भने हामीले कुल बजेटको ५० प्रतिशत रकम शिक्षा स्वास्थ्यमा खर्च गर्छौं । बालबालिका लगानी गर्नु खर्च होइन भोलिको आम्दानी रहेको बताए । स्वस्थ र शिक्षित जनता बनाउनु मेरो पहिलो प्राथमिकता रहेको हो भन्दै मेयर गुप्ताले सवै वड़ामा सुविधा संपन्न स्वास्थ्य चौकी स्थापना गर्ने प्रतिवद्धता जनाए । महिला स्वयंसेविकाहरूको कार्यको सराहना गर्दै उनीहरूको मिहनेतलाई उच्च कदर गरिने वाचा समेत गरे ।

जिल्ला अस्पतालबाट गायब भएको उपकरणमा दोषी जिम्मेवार कर्मचारी भएकोले सम्बन्धित निकायले छानविन गरी कार्यवाही गर्न संघीय सरकार र



प्रदेश सरकारसँग आग्रह गरे ।

गौर नगरपालिकाका स्वास्थ्य संयोजक कमलेश्वर वर्माप्रति आक्रोशित हुँदै मेयर गुप्ताले भने करोडौंको कार्य गर्न सकिने नगरपालिकाले खोप राख्नलाई एउटा फ्रिज व्यवस्थापन गर्न सकिदैन । कार्यक्रममा स्वास्थ्य संयोजक वर्माले फ्रिजको आभाव रहेको जानकारी गराएका थिए । मेयर गुप्ताले प्रश्न गर्दै स्वास्थ्य समायोजक वर्मालाई भने मलाइ किन यसको जानकारी दिनु भएन ।

गौर नगरपालिकाको शान्ति सुरक्षाका लागि ३० लाखको लागतमा सीसी कैमरा जडान गराउन सक्छु भने ५० हजारको फ्रिज किन्न सकिदैन भने प्रश्न गरे ।

गौर नगरपालिकामा शिक्षा र स्वास्थ्यको क्षेत्रमा कसैले लापरवाही गरे भने वर्दास्त नहुने ठाडो चेतावनी दिँदै मेयर गुप्ताले यस क्षेत्रमा चाहिने स्रोत साधन शीघ्र व्यवस्थापन गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । विकासप्रेमी मेयर गुप्ताले नगरपालिकाले भर्ना गरेका स्वास्थ्यकर्मीहरूलाई तालीम दिएर दक्ष बनाई दिन यूनिसेफलाई आग्रह गरे ।

कार्यक्रममा सहभागी भएका वडाअध्यक्षहरू, महिला सदस्यहरू, जनस्वास्थ्यका कर्मचारी, खोप कार्यकर्ता, शिक्षक, महिला स्वयंसेविकाहरूलाई यूनिसेफका डाक्टर सुषमा भुसाल, प्रदीप श्रेष्ठ, दीपक चौधरीले खोप सम्बन्धी प्रशिक्षण दिइरहेको स्वास्थ्य सहसंयोजक दीनबन्धू यादवले जानकारी गराएका छन् ।

## संक्षिप्त समाचार

### निजामती कर्मचारीहरू आन्दोलित

जनकपुरधाम । प्रदेश २ का आर्थिक मामिला तथा योजनामन्त्री विजय यादवले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिवमाथि कुटपिट गरेको विरोधमा निजामती कर्मचारीहरू आन्दोलित भएका छन् । निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन धनुषा कार्यसमितिले बुधबार विज्ञप्ति जारी गर्दै हातमा कालोपट्टि बाँध्ने र पेनडाउन गर्ने लगायतका चरणबद्ध आन्दोलन घोषणा गरेको हो ।

गत सोमबार ट्रेड युनियनले २४ घन्टे अल्टिमेटम दिँदै मन्त्री यादवमाथि कारबाहीको माग गरेको थियो । सो अवधिमा कुनै कारबाही नगरिएको भन्दै बाध्य भएर आन्दोलित हुनुपरेको विज्ञप्तिमा उल्लेख छ । प्रदेश २ को क्षेत्र भित्र रहेका सम्पूर्ण संघीय, प्रादेशिक तथा स्थानीय निकायहरूका कर्मचारीहरू आन्दोलित भएका छन् ।

### प्रतिभा जगाउन खेलकुद जरूरी : मेयर गुप्ता

रौतहट । गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ताले युवाहरूको भित्र लुकेका प्रतिभा बाहिर ल्याउने एक मात्र विकल्प खेलकुद रहेको बताएका छन् । गौर नगरपालिका अन्तर्गत रहेको राईस मिलको मैदानमा आयोजित दोस्रो मेयर कप च्याम्पियनशिप क्रिकेट प्रतियोगिता २०७५ को उद्घाटन समारोहमा सम्वोधन गर्दै मेयर गुप्ताले शारिरिक तन्दुरूस्ती तथा मानसिक विकासका लागि समय समयमा खेलकुद प्रतियोगिताको आयोजना आवश्यक भएको जिकिर गरे । रौतहटमा खेल प्रति रूची राख्ने खेलाडी भएपनि खेलकुद मैदानको अभावले युवाहरू आफनो प्रतिभालाई देखाउन नसकेको टिप्पणी गर्दै गौर नगरपालिकाले राईस मिलको जग्गा अधिग्रहण गरेर खेलाडी, नगरवासीको चाहनालाई छिटै पुरा गर्ने विश्वास व्यक्त गरेका छन् ।

### युवा फोरमको तदर्थ समिति गठन

कपिलवस्तु । संघीय र प्रदेशको निर्वाचनदेखि अस्तव्यस्त भएको ससफो को भातृ संगठनहरू अहिले चुस्तदुरूस्त रूपमा पुन: निर्माण भैरहेको छ । महाराजगन्जमा गरिएको जिल्लास्तरीय युवा भेला सर्वसम्मतिबाट मोहम्मद हइ खानको अध्यक्षतामा ४१ सदस्यीय तदर्थ समिति गठन गरिएको छ । जसको उपाध्यक्षमा उदयभान यादव र राम सुरेश यादव, सचिव सुनिल हरिजन, कोषाध्यक्ष महेन्द्र केवट लगायत ४१ सदस्यलाई छनोट गरिएको छ । भेलामा उपस्थित भएका युवाहरूलाई सम्बोधित गर्दै संघीयता र समाजवादको मूल्यमान्यता आत्मसात गर्दै अघि बढन अग्रह गरेका थिए । प्रदेश प्रवक्ता तथा युवा नेता अकरम पठानले युवाहरूलाई सम्बोधन गर्ने क्रममा युवाहरू परिवर्तनका संवाहक तथा देशकै मेरूदण्ड भएकोले बिकास र परिवर्तनका लागि आवश्यक परेको बेला आक्रामक रूपमा समेत प्रस्तुत हुन अग्रह गरेका थिए ।

### सिलिन्डर पड्केर आगलागी

पर्सा । वीरगंज महानगरपालिका-११ मुर्ली चोक बस्ने ३५ वर्षीय जगरनाथ महतोकी श्रीमती ३३ वर्षीया सुनिता देबीले खाना पकाउने क्रममा ग्यास सिलिण्डर पड्कन गई सोमबार बिहान आगलागी भएको छ । उक्त आगलागीमा जलेर घाइते भएका दुवै जनालाई उपचारको लागि नारायणी उपक्षेत्रीय अस्पताल वीरगंज लगिएकोमा थप उपचारको लागि काठमाडौंतर्फ लगिएको छ । आगलागीबाट भएको क्षतिको विवरण हाल खुल्न सकेको छैन । स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा प्रहरीले आगलागी नियन्त्रण लिएको छ ।

### हार्डवेयरका सामान बरामद

कैलाली । सशस्त्र प्रहरी बल नेपाल गण हेडक्वाटर कैलाली नम्बर ३४ गणबाट सशस्त्र प्रहरी सहायक हवल्दार नन्दराज भाटको कमाण्डमा खटिएको एपीएफ टोलीले करीव १ लाख ७० हजार रूपैयाँ बराबरको चोरीपैठारीको हार्डवयरका सामान बरामद गरेको छ । भारतबाट अवैध रूपले नेपालतर्फ ल्याउँदै गरेको उक्त सामान एपीएफ टोलीले कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका १२ स्थित जुगेडाबाट बरामद गरेको हो । बरामद सामान आवश्यक कारवाहीको लागि स्थानीय भन्सार कार्यालयमा बुझाइएको छ ।

### प्रहरीको कारवाहीमा एकको मृत्यु

रूपन्देही । सिद्धार्थनगर नगरपालिका-१० शंकरपुरमा भन्सार चोरी निकासी तथा नियन्त्रणका लागि जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीको जवाफी कारवाहीमा एक जनाको मृत्यु भएको छ । मृतकको हाल नाम, थर, वतन नखुलेका पुरूषको आइतबार बिहान मृत्यु भएको प्रहरीले जनाएको छ । उक्त स्थानमा खटिएको प्रहरी टोलीले युपि ५३ एच२०२८ नम्बरको मोटरसाइकल रोकी जाँच गर्ने क्रममा मोटरसाइकलमा आएका २ जनाले एक्कासी प्रहरीलाई लक्षित गरी गोली प्रहार एक जना प्रहरी जवानको बाँया पाखुरामा गोली लागी घाइते भए पश्चात् प्रहरीले जवाफी फायर गर्दा घाइते भएका उक्त पुरूषको भिम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । घाइते प्रहरी जवानको सोही अस्पतालमा उपचार भइरहको छ । घटनास्थलबाट प्रहरीले पेस्तोल १ थान र गोलीको खोका ८ राउण्ड बरामद गरेको छ ।

### हत्यामा संलग्न अभियुक्त पक्राउ

बाँके । हत्यामा संलग्न रहेका अभियुक्त बाँके राप्तीसोनारी गाउँपालिका-२ राजापुर बस्ने २० वर्षीय युवराज गिरीलाई बर्दिया मदुवन नगरपालिका-३ स्थित थापा जंगलबाट बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । बाँके कोहलपुर नगरपालिका-११ स्थित चौरमा सुर्खेत सिम्ता गाउँपालिका-४ बस्ने २३ वर्षीय दिपकसिंह ठकुरी गत पुस २८ गते घाँटी रेटेको अवस्थामा मृत फेला परेको घटनामा संलग्न अभियुक्त खोजी गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले गिरीलाई उक्त जंगलबाट नियन्त्रणमा लिने क्रममा भाग्न खोजेपछि गोली फायर गर्दा उनको वाँया खुट्टाको पिडौलामा लागेर घाइते भएका छन् ।

'शान्ति र समृद्धिका लागि योग'

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# पढेर के गर्छ दलित ?



**राकेश प्रसाद चौधरी**

मसँग पढ्ने अधिकांश साथीको विहे भइसक्यो । क, ख, ग सिक्दा ५० जनाको संख्यामा रहेकी सखीहरूको संख्या ११ कक्षामा तीन, १२ कक्षामा दुई हुँदै एक्लो शिक्षा संकायमा १२ कक्षा पास गर्ने किशोरी भइन् । एकडारा गाउँपालिका ६ गोनरपुरा टोलकी माण्डबी दासले अगाडि भनिन्, 'विद्यालय र समुदायको जातीय विभेद एवं बुवाआमाको मानसिकता परिवर्तन गर्न नसक्दा थुप्रै सखीहरू क, ख, ग सिक्दा नै छुट्यो । प्रत्येक कक्षामा केही साथीहरू छुट्दै जाँदा म एक्लै अगाडि बढी रहें ।'

माण्डबीकी एक सखीको बुवाले ११ कक्षाको परीक्षा फारम भर्न पैसो नदिंदा उसले पढाई छुटाउनुपर्यो । गरिब भएर पैसा नदिएको भने होइन । पढाईभन्दा बिहेको उमेर भएको भन्दै उसको पढाई नै रोकियो । पढाईमा कमजोर र बुवाआमाको बढी पढाउन नहुने मानसिकताले धेरै किशोरीहरूले विद्यालयस्तरकै शिक्षाबाट वञ्चित हुने गरेको माण्डबीको ठम्याई छ ।

माण्डबी तत्मा समुदायबाट १२ कक्षा पास गर्ने पहिलो किशोरी हुन् । उनकै घर नजिकैको गोनरपुरा मुस्लिम टोलमा अझैसम्म आठ कक्षाभन्दा बढी पढेको पाउन मुश्किल छ । त्यहीं कारण तीन वर्षसम्म किशोरी र आमाहरूको अनौपचारिक कक्षाको सहजकर्ता भएर काम पाएकी थिइन् । दलितमा पनि डुम, हलखोरबाहेकको जातिसँगको विभेद विस्तारै विद्यालयस्तरमा घटेपनि मुस्लिम समुदायसँगको छुवाछुत कायमै रहेको उनी बताउँछिन् ।



**एकडारा गाउँपालिका ६ गोनरपुरा टोलकी माण्डबी दास**

अगाडि पढ्ने योजना बनाउँदा समेत अभिभावकबाट सहयोग पाउन सकेको छैन । माण्डबीलाई अझै अगाडि पढ्ने इच्छा छ तर उसको टोलमा उसँग उमेर मिल्ने अन्य कुनै किशोरी अब अविवाहित छैनन् । पढाईमा नियमितता भएमा बालविवाह रोक्न सकिने उसको ठम्याई छ । आमाबाबुलाई विश्वासमा लिन नसक्नु किशोरीको कमजोरी हो अथवा आमाबाबुले छोरीको पढाई बीचमै रोकेर बालबिवाह गरिदिनु बाध्यता हो यसको उत्तर अझैसम्म माण्डबीले पाउन नसकेको बताउँछिन् । त्यहीं छोरालाई सरकारी अथवा नीजि विद्यालयमा पढाउनु र पढाई गर्न नसके उमेर बढाएर वैदेशिक रोजगारमा धकेल्नुमा अभिभावकहरूले आफ्नो इज्जत सम्झने गर्छन् । माण्डबी भन्छिन्,' आत्महत्या गर्नेहरूमा वैदेशिक रोजगारमा जाने अथवा फर्कनेसँग बालविवाह भोगेकी किशोरीहरूको संख्या अधिक रहेको समाचार सुन्छु तर पनि अभिभावकहरू सचेत छैनन् ।'

माण्डबी बाल्यकाल सम्झँदै भनिन्, 'विद्यालयमा पढ्न जाँदा अरू समुदायका मानिसहरूले यो दलितको धियापूता (छोाछोरी) पढेर के गर्छ भनेर तेर्स्याएको प्रश्नको उत्तर १२ कक्षा पास गर्दा समेत पाउन सकेको छैन ।' दलितको लागि थुप्रै अवसरहरू भएको दाबी गर्ने स्थानीय सरकारले माण्डबीलगायत अन्य १२ कक्षा उत्तीर्ण किशोरीहरूलाई जवाफ दिनैपर्छ ।

# सिडियो र एसपीद्वारा खिचरा महोत्सव अवलोकन

कारी महतो, चितवन । चितवनका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) जितेन्द्र बस्नेत र जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी उपरीक्षक (एसपी) सुशीलसिंह राठोरले पूर्वी चितवनको खैरहनीमा जारी छैठौं खिचरा महोत्सव अवलोकन गरेका छन् । उनीहरूले महोत्सव परिसरमा राखिएका सबै स्टलहरूको अवलोकन गरी थारू खानाका स्वाद समेत लिएका छन् । उनीहरूले खिचरा पर्वमा थारू समुदायले विशेष परिकारको रूपमा खाने चिचरको पोका, घोंङ्गीलगायतका थारू खानाका परिकारहरूको स्वाद लिएका छन् । प्रजिअ बस्नेतले थारू मिनि गाउँमा रहेको थारू जातिका परम्परागत लोपोन्मुख सामग्रीहरूलाई विशेष चासो दिएर हेरेका थिए । मिनि संग्रहालयमा थारू जातिका सीपको प्रयोगबाट बनाइएको परम्परागत घरेलु सामग्री राखिएको छ । संग्रहालयमा मोरी, घौका, कोइनी, डेली, डुहुरी, धेवरीं, झाँझाँ, कहुला लगायत सयौं किसिमका सामग्रीहरू प्रदर्शन गरिएको छ ।



यसैगरी खैरहनी नगरपालिकाका प्रमुख लालमणि चौधरीले पनि महोत्सव अवलोकन गरेका छन् । आज खिचरा महोत्सव आयोजकले इलाका प्रहरी खैरहनीबाट अन्यत्र सरूवा भई गएका प्रहरी निरिक्षक कैलाश विष्टलाई विदाई र प्रहरी निरिक्षक धनदेव साउतलाई स्वागत गरेका छन् । नगरप्रमुख चौधरीले प्रहरी निरिक्षकहरूलाई मुणेठा र सम्मान पत्र प्रदान गरे । पुस २८ देखि शुरू भएको खिचरा महोत्सवको चौथो दिन आज महोत्सवमा उल्लेख्य दर्शकको उपस्थिति रहेको थियो । आज एकैदिनमा करीब ६० हजार दर्शकले महोत्सव अवलोकन गरेको आयोजकले जनाएका छन् । महोत्सव माघ ७ सम्म चल्नेछ ।



## माघी पर्व मनाइयो

वीरगन्ज । थारू समुदायको नयाँ वर्ष २६४३औं सालको अवसरमा विरगन्जमा हर्षोल्लासका साथ माघी पर्व अर्थात खिचडी पर्व मनाइएको छ । वीरगंजमा रहेका अधिकांश थारू समुदायका महिला तथा पुरूषहरूले यो पर्व प्रत्येक वर्ष मिठो-मिठो खाने पारिकारहरू बनाई एक आपसमा प्रसाद स्वरूप खाँदै थारूहरूले आपसी सम्बन्ध बलियो बनाउने गरेका छन् । वीरगंजको स्वीमीङ्ग पुल परिसर भित्र भएको माघी (खिचडी) महोत्सव २०७५ मा सहभागीहरूलाई थारू समुदायले आफ्नै संस्कृतिका भेषभुषा लगाई सम्मान गरिएको थियो ।

## प्रदेश प्रमुखद्वारा कम्बल वितरण

जनकपुरधाम । महोतरीको जलेश्वर नगरपालिका वडा नं. ४ स्थित सुगा टोलमा कम्बल विरतण गरिएको छ । श्री मिथिला बिहारी राज रतन सेवाश्रम सुगा भवानी पट्टीको आयोजनामा प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थ, श्रीमती सविता कायस्थ तथा सम्पूर्ण कायस्थ परिवारको सहयोगमा सुगा टोलमा ११० थान न्यानो कम्बल प्रदेश प्रमुख कायस्थ तथा श्रीमती सबिता कायस्थले वितरण गरेका छन् । कम्बल वितरणमा सहयोग पुऱ्याउने जलेश्वर ४ का वडा अध्यक्ष लोकेन्द्र लाल कर्णका अनुसार उक्त कम्बलहरू एकल महिला, अपाङ्ग, गरिब, दलित तथा बृद्धबृद्धाहरूलाई एक कार्यक्रमका बिच वितरण गरिएको हो । उक्त कार्यक्रममा प्रदेश प्रमुख कायस्थले आफ्नो पैतृक गाउँ सुगामा रहेको निजी निवास तथा जग्गाहरू स्वाश्रमको माध्यमबाट निजी गुठीलाई दान दिई समाजका लागि प्रयोग गर्न दिइने घोषणासमेत गरेका छन् । साथै उनले गाउँको विकासका बिषयमा बिभिन्न योजनाहरू ल्याउने बिचार पनि प्रकट गरेका छन् ।

## तीर्थयात्रीको भीड

प्यूठान । धार्मिक तीर्थस्थल स्वर्गद्वारीमा भारतीय तीर्थयात्रीको भीड बढेको छ । स्वर्गद्वारी तीर्थ गरेर माघमा खिचडी खाने चलनअनुसार भारतको उत्तर प्रदेश राज्यको गोन्डा, बलरामपुर, सरावस्तीलगायत क्षेत्रका तीर्थयात्री स्वर्गद्वारीमा ओइरिएका हुन् । धेरै ठाउँमा आगो बाल्ने व्यवस्था आश्रमले गरे पनि त्यसले सबैलाई सुविधा नपुग्दा समस्या भएको छ ।

स्थानीय सम्वाद

# प्रदेश २ कै नमूना पर्यटकीयस्थल बनाउँछौं



**हरिनारायण महतो**
**मेयर, मिथिला नगरपालिका, धनुषा**

मिथिला नगरपालिका नेपालको प्रदेश न. २ अन्तर्गत धनुषा जिल्लाको उत्तरी भूभागमा पर्दछ । उत्तरी अक्षांशसम्म फैलिएर रहेको मिथिला नगरपालिका २ न. प्रदेशको एउटा प्रमुख कृषि क्षेत्र हो । करिब १८७.९४ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस नगरपालिकाको उत्तरमा सिन्धुली जिल्ला, पश्चिमतिर महोत्तरी जिल्ला, बटेश्वर गाउँपलिका, दक्षिणमा क्षीरेश्वरनाथ नगरपालिका र बटेश्वर गाउँपालिका र पूर्वमा गणेशमान चारनाथ र धनुषाधाम नगरपालिका रहेका छन् । मिथिला नगरपालिकालाई २०७१ पौष २८ गते नगरपालिका घोषणा गरिएको थियो । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार यस नगरपालिका को कूल जनसंख्या ४५,१६४ जना रहेकोमा महिलाको जनसंख्या ४९.९१ प्रतिशत र पुरूषको ५०.०८ प्रतिशत रहेको छ । यस नगरपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरूको बसोबस रहेको छ ।

---

**० मिथिला नगरपालिकाले राष्ट्रिय भूकम्प सुरक्षा दिवस कसरी मनाएको छ ?**

– भूकम्पको जोखिमबाट कसरी बच्ने, त्यसबाट हुनसक्ने क्षति कसरी न्यूनीकरण गर्ने लगायतका विषयमा सचेतना कार्यक्रमहरू गरेका छौं । मिथिला नगरपालिकाभित्र निर्माण भइरहको नयाँ संरचना बनाउँदा भूकम्प विरोधक मापदण्डअनुसार भइरहेको छ । यस नगरक्षेत्रभित्र रहेका डकर्मीहरूलाई विभिन्न चरणमा तालिमका व्यवस्था गरेका छौं । सबै डकर्मीहरूलाई तालिम दिई अब बन्ने सबै घर भूकम्प विरोधक घरहरू हुन्छन् । त्यसमा पनि यस नगरभित्र रहेका सामुदायिक तथा निजी विद्यालयहरूमा फोकल टिचरका रूपमा तोकेका छौं । उहाँहरूले भूकम्पको जोखिमलाई कसरी न्यूनीकरण गर्ने र त्यसबाट कसरी जोगिने भन्ने विषयमा प्रत्येक विद्यालयमा कार्यक्रम सञ्चालन गर्दै आएका छौं ।

**० मिथिला नगरपालिकामा भूकम्पबाट जोखिम हुने सम्भावना कति छ ?**

– कतिपय पुराना भवनहरू र मापदण्डविपरीत निर्माण भएका संरचनाहरू अलिअलि जोखिमयुक्त देखिएको छ । तर अब सम्पूर्ण भौतिक संरचनाहरू मापदण्डअनुसार नै बनिरहेको छ । खास गरेर विद्यालयहरूमा यसबारे चेतना जगाउने काम गरेका छौं ।

**० तपाइँ जनप्रतिनिधिको रूपमा निर्वाचित भएको एक वर्षभन्दा बढी समय भयो, यस अवधिमा जनताले अनुभूति गर्ने खालका के-कस्ता कामहरू गर्नुभयो त ?**

– हामीले धेरै काम गरेका छौं । हामीले पहिलो वर्ष खानेपानीलाई प्राथमिकता दियौं, जहाँ-जहाँ पिउने पानीको समस्या थियो, त्यहाँ व्यवस्था गऱ्यौं । त्यसैगरी, शिक्षा, स्वास्थ्य, भौतिक संरचना निर्माण, सडक, बाटोघाटो, विद्युतीकरण, सिँचाइलगायतका सुधार कार्यहरू गऱ्यौं । त्यहींअनुसार यहाँका जनताले अनुभूति पनि गरेका छन् । मानवीय संसाधन क्षेत्रमा विकासका लागि सुनौलो हजार दिन, पोषणका कुराहरूमा जोड दिएका छौं । त्यस्तै, शिक्षातर्फ सामुदायिक विद्यालय र निजी विद्यालय जुन खाडल थियो, त्यसमा सामुदायिक विद्यालयको स्तरोन्नति गऱ्यौं । पहिला सामुदायिक विद्यालयबीचको विद्यार्थीले निजी विद्यालयका विद्यार्थीसँग प्रतिस्पर्धा गर्न सकिरहेका थिएन । त्यसका लागि हामीले अँग्रेजी माध्यमबाट नमुना कक्षाहरू सञ्चालन गऱ्यौं । यस नगरपालिका बालबालिकाहरू विद्यालय छैनन् । पिछडिएका समुदायका बच्चाहरू जो विद्यालयबाट टाढा थिए, उनीहरूका लागि जनप्रतिनिधिहरू आफैले अभिभावकत्व ग्रहण गरेर विद्यालय भित्र्याएका छौं । यसैगरी, यस नगरपालिकामा पर्यटकीय स्थलको पनि विकास गर्दैछौं । हामीले प्रदेश २ कै नमुना पर्यटकीय स्थलको रूपमा मिथिला नगरपालिकालाई विकास गर्दैछौं ।

**० प्रदेश २ कै नमुना पर्यटकीय नगरपालिका बनाउन के-के गर्दै हुनुहुन्छ ?**

– ढल्केवर चौकदेखि ३ किलोमिटर उत्तरपट्टि जंगलमा रहेको पोखरीलाई मिथिला सागरको नाममा भ्यू टावर, पिकनिक स्पट, गार्डेन, मदन भण्डारी स्मृति पार्कको रूपमा विकास गर्दैछौं । त्यसकारणले हामी यो नगरपालिकालाई पर्यटकीय हिसावले विकास गर्दैछौं ।

**० नगरपालिकाले गरिरहेको कामबाट त्यहाँका जनता कतिको सन्तुष्ट पाउनुहुन्छ ?**

– जनता सन्तुष्ट नै रहेको देख्छु । तर, जनताका चाहना, आकांक्षा, आवश्यक्ता र समस्याहरू थुप्रै छन् । सबै कुरा हामी एकै वर्षमा पूरा पनि गर्न सक्दैनौं । हुन त विकास भनेको निरन्तर चलिरहने प्रक्रिया हो । हाम्रो साधनस्रोतले भ्याएसम्म जति काम गरेका छौं, त्यसबाट जनता सन्तुष्ट छन् ।

**० स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँमा भनिन्थ्यो, यो नारा मिथिला नगरवासीले कतिको महसुस गरेका छन् ?**

– जनताले जुन दैनिकी सेवाहरू पाउनुपर्ने हो त्यो सहजरूपमा पाएकै छन् । सबै वडाहरूमा हाम्रो कार्यालयहरू स्थापना भइसकेको छ । हामीले वडावासीहरूलाई सेवा प्रवाह गरिरहेका छौं । कर निर्धारणका लागि पनि नगरपालिकाहरूलाई अधिकार प्रत्यायोजन गरेको छ । हामीले अन्य नगरपालिकाभन्दा यहाँ एकदमै कम राखेका छौं । जनतालाई कुनै किसिमको आर्थिक भार पर्ने खालका करहरू राखेका छैनौं ।

**० युवा वर्गलाई लक्षित गरी के कस्ता कार्यक्रमहरू ल्याउनुभएको छ ?**

– युवावर्गलाई लक्षित गरी हामीले थुप्रै शीपमूलक कार्यक्रमहरू सञ्चालन गरेका छौं । हामी भन्छौं, शीप सिक्नुस् आफ्नै ठाउँमा उद्यमी बन्नुस्, शीप हामी सिकाउँछौं । यदि कुनै युवा विदेश पनि जान चाहन्छन् भने शीप सिकेर मात्रै जानुस् भनेका छौं । यदि शीप सिक्दैन भने उसको पासपोर्टका लागि नगरपालिकाले सिफारिस गर्दैन । गत वर्ष पनि हामीले युवाहरूका लागि विभिन्न तालिमहरू प्रदान गरेका थियौं । महिलाहरूका लागि सिलाई कटाईलगायत थुप्रै शीपमूलक कार्यक्रमहरू गरेका छौं । जो युवा शीप सिकेर यहाँ व्यवसाय गर्न चाहन्छ र उसँग पैसा छैन भने त्यसको हामी नै गर्छौं पनि भनेका छौं ।

**० कृषिमा के-के योजनाहरू छन् ?**

– किसानहरूलाई सबभन्दा सहुलियत दरमा ऋणको व्यवस्था गरेका छौं । त्यस्तै, यहाँको कृषि आकाशे पानीको भर पर्नुपर्ने थियो । त्यसका लागि हामीले सिंचाइको व्यवस्था गरेका छौं । ठाउँ-ठाउँमा बोरिङ्ग गऱ्यौं । पशुपालन गर्ने कृषकहरूलाई प्रोत्साहन गर्ने काम पनि गरेका छौं । साना किसानहरूलाई औषधी छर्कने मेसिन उपलब्ध गरायौं । यस्तै, किसानहरूका लागि बीउ बीजन पनि उपलब्ध गरायौं । हाम्रा प्रधानमन्त्रीले जुन नारा लिनुभएको छ, 'समृद्ध नेपाल सुखी नेपाली' त्यसका लागि जबसम्म किसानहरू आर्थिकरूपले सबल हुँदैन तबसम्म यो नाराको केही अर्थ हुँदैन ।

# विश्व परिवेश

## सीमा जोडिएका स्थानमा सामरिक सडक निर्माण गरिने

भारतले चीनसँग सीमा जोडिएका स्थानमा ४४ वटा सामरिक सडक निर्माण गर्ने भएको छ । त्यसैगरी पाकिस्तानका सीमा नजिकै पञ्जाब र राजस्थानमा पनि २ हजार १ सय किलोमिटर सडक निर्माण गर्ने भएको छ ।

भारतको केन्द्रीय सार्वजनिक कार्य विभागले तयार पारेको प्रतिवेदनमा चीनसँग द्वन्द्व भए चाँडै सैनिक परिचालन गर्नका लागि चिनियाँ सीमामा सामारिक सडक निर्माण गर्न लागिएको उल्लेख गरिएको भारतीय सञ्चार माध्यम पीटीआइले जनाएको छ ।

चीन र भारतबीच अरूणाचल प्रदेशदेखि जम्मु तथा कस्मिरसम्मको चार हजार किलोमिटर नियन्त्रण रेखा छ । दुवै देशबीच सीमा विवाद रहँदै आएको छ। चीनले सीमा क्षेत्रको सडक तथा अन्य पूर्वधारहरू निर्माणलाई प्राथमिकता




दिएको समाचारहरू आइरहेको समयमा भारतीय संस्थाका प्रतिवदेन सार्वजनिक भएको हो ।

सडक निर्माणमा अनुमानित लागत २ खर्ब १० अर्ब भारतीय रूपैयाँ लाग्ने अनुमान गरिएको छ। ती सडकहरू पाँच राज्य जम्मु तथा कस्मिर, हिमाञ्चल प्रदेश, उत्तराखण्ड, सिक्किम, अरूणाचल प्रदेशमा निर्माण हुने छन्। भारत र चीनबीच लामो समयदेखि सीमा विवाद चल्दै आएको छ ।

विभागले प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा रहने मन्त्रिपरिषदका सुरक्षा समितिबाट सो प्रस्ताव पारित हुने प्रक्रियामा रहेको छ ।

त्यसैगरी राजस्थान र पञ्जाबमा पाकिस्तानी सीमा नजिकै सीमा निर्माणका लागि ५४ अर्ब भारतीय रूपैयाँ लाग्ने अनुमान गरिएको छ ।

सन् १९६२ को युद्धमा चीनसँग पराजित भएपछि भारतले सीमा क्षेत्रमा सडक निर्माण नगर्ने योजना लिएको थियो। युद्धका अवस्था आए चिनियाँ सैनिकहरूले प्रयोग गर्नसक्ने कारण देखाउँदै भारतले सडक नबनाउने बताएको थियो। पूर्वाधारका अभाव बुँदा चिनियाँ सैनिक अघि बढ्न कठिनाइ हुने भारतीय पक्षको बुझाइ रहेको थियो। भारत सरकारले सन् २०१२ मा यो नीति परिवर्तन गरेको थियो ।

–नेपालखबर डटकमबाट

## अभिव्यक्ति स्वतन्त्रता र मानवअधिकारमाथि आक्रमण बढ्दै

गतवर्ष सन् ०१८ मा पाकिस्तानमा मिडियामाथिको दमन र मानवअधिकार हननका घटना बढे। पाकिस्तानमा विगत केही वर्षयता अभिव्यक्ति स्वतन्त्रता र मानवअधिकारमाथिको आक्रमणमा उल्लेख्य वृद्धि भएको छ। यसअघिका पाकिस्तानी सरकारले पनि नागरिक समाज र मिडियामाथि दमन गरे पनि सन् २०१८ मा भने यी क्षेत्रले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा अझ बढी दमनको सामना गर्नुपर्‍यो ।

गतवर्ष मिडियामाथिको आक्रमणको घटना निकै बढ्यो। गत डिसेम्बरको सुरूवातमा पाकिस्तानी सरकारले भ्वाइस अमेरिकाको पास्तुन भाषमा सञ्चालित हुने रेडियो सेवाको वेबसाइट ब्लक गर्‍यो। ८ डिसेम्बरमा पास्तुन ताहफुज मुभमेन्टले आयोजना गरेको मानवअधिकारवादी आन्दोलन दौरान निकालिएको ऱ्यालीमा सहभागी दर्जनौं मानिस तथा पत्रकारविरूद्ध प्रहरीले मुद्दा चलायो। 'डन' दैनिक पत्रिका तथा रेडियो फ्री युरोप रोडियो लिबर्टीका मासाल, रेडियो पत्रकार सौलाब मेहसुद र साइबर टिभी पत्रकार जराफ वाजिरलजस्ता पत्रकारविरूद्ध मुद्दा चलाइयो। युसैगरी, १४ डिसेम्बरमा पाकिस्तानको विद्युतीय मिडिया नियमन निकाय पेम्राले



हिंसा, अपहरण, यौन दुर्व्यवहार, आतंकवाद र प्रकृतिक विपत्तिबारे धेरै समाचार तथा रिपोर्ट सार्वजनिक नगर्न स्थानीय मिडियालाई पत्राचार गरेको थियो। गत जुलाईमा सम्पन्न संसदीय निर्वाचनपूर्व पाकिस्तानको न्यायालय तथा सेनाबारे नकारात्मक समाचार नलेख्न यस्तै प्रकारको उर्दी जारी गरिएको थियो। नकारात्मक समाचारलाई निरूत्साहित गरेर विश्व समुदायमाझ पाकिस्तानको सकारात्मक छवि सिर्जना गर्ने उद्देश्यले यस्तो कदमलाई मिडियामाथिको आक्रमणको संज्ञा दिएका छन्। गत १५ डिसेम्बरमा देशको अग्रणी मिडियाले हाउस जाङ ग्रुपले आफ्नो सयौं कर्मचारीलाई पदमुक्त नै गर्‍यो ।

विगत केही वर्षयता घट्दो विज्ञापन र वित्तीय समस्याका कारण धेरै मिडियाले आफ्ना कर्मचारी कटौती गर्दै आएका छन् । यसैगरी, सरकारले केही निश्चित पत्रिका नछाप्न सम्बन्धित मुद्रण प्रेसलाई दबाब दिने तथा केही टेलिभिजन च्यानलको प्रसारण बन्द गर्न केबल अपरेटरलाई दबाब दिने काम गरेको छ ।

मिडियामाथि मात्र हैन, नागरिक समाजले पनि पाकिस्तानमा गतवर्ष व्यापक दमनको सामना गर्नुपर्‍यो। अभिव्यक्ति स्वतन्त्रताको माग गर्ने मानवअधिकारवादी तथा अभियन्ताले सरकारी निकायबाट ठूलो दबाब खेप्नुपर्‍यो। कट्टरवादी समूहबाट अपहरण, बेपत्ता, देशद्रोहीका आरोप, तथा ज्यान मार्ने धम्कीको सामना उनीहरूले गर्नुपर्‍यो। सरकारको कामप्रति टिप्पणी गर्ने आलोचना सोसल मिडिया कम्पनीका अनलाइन क्लाइन्टविरूद्ध पनि सरकारले मुद्दा चलायो। मानवअधिकारवादी तथा अभियान्तहरूले पाकिस्तानको कानुन उल्लंघन गरेको आरोपमा ट्विटरले विगत ७ महिनायता उनीहरूको ट्विटर अकाउन्ट निलम्बन गरेको छ। यति मात्र हैन, एक्सन एड र प्लान इन्टरनेसनजस्ता १८ वटा आइएनजिओका कामकारबाहीलाई पनि सरकारले रोकिदिएको छ ।

## "छिमेकी मुलुकसँग सम्बन्ध सुधार गरिने"

पाकिस्तान। पाकिस्तानकी पूर्वविदेशमन्त्री हिना रब्बनी खारले अमेरिका नभई भारत र छिमेकी मुलुकसँग सम्बन्ध सुधार गर्नुपर्नेमा जोड दिएकी छन्। उनले आर्थिक, राजनीतिक वा सैन्य रूपमा अमेरिकामाथि आश्रित रहनुभन्दा भारतलगायतका छिमेकीसँग सम्बन्ध सुदृढ बनाउनु पाकिस्तानका लागि हितकार भएको बताइन्। हिनाले शनिवार 'थिङ्क फेस्ट' मा यस्तो धारणा व्यक्त गरेकी हुन्। उनले पाकिस्तानले आफूलाई अमेरिकाको पूर्ण रणनीतिक साझेदार सोच्नु वाहियत भएको पनि स्पष्ट पारिन्। असम्भव विषयमा आफूलाई अल्झाउनु पाकिस्तानी कमजोरी भएको उनले दाबी गरिन्। अमेरिकाले पकिस्तानलाई सैन्य सहयोगमा रोक लगाएका बेला उनको यस्तो धारणा आएको हो। डनले आइतवार प्रकाशित गरेको जानकारीअनुसार पूर्वविदेशमन्त्री हिनाले पाकिस्तानले भीख मागेर कहिले पनि सम्मान पाउन नसक्ने चर्चा गरिन्।

## एक परिवार, एक रोजगार योजना

दिल्ली। भारत सिक्किमका मुख्यामन्त्री पवन चाम्लिङले 'एक परिवार, एक रोजगार' योजना सुरू गरेका छन्। सरकारी रोजगारी नभएका प्रत्येक परिवारका एक व्यक्तिललाई रोजगार दिइनेछ। उनीहरूको खेती र कृषि क्षेत्रमा ऋण माफी गरिने घोषणा पनि गरिएको छ। भारतमा सबैभन्दा लामो समय मुख्यमन्त्री बनेका चाम्लिङले सिक्किमको पलजोर रंगशालामा आयोजित रोजगार मेलामा योजना आरम्भ गरेका हुन्। उनले राज्यको ३२ विधानसभा क्षेत्रका दुई/दुई जनालाई जियुक्तिपत्र दिए। चाम्लिङको सिक्किम डेमोक्र्याटिक फ्रन्ट सरकारले योजनाअन्तर्गत २० हजार युवालाई अस्थायी नोकरी दिने घोषण गरेको थियो। चाम्लिङले बाँकीलाई छिटै नियुक्त दिइने घोषण गरेको थियो।

## जानकारी

**सडकमा सवारी चलाउँदा र सडक फुटपाथ प्रयोग गर्दा निम्न कुराहरुमा ध्यान राख्नु हुन सम्बन्धित सबैलाई अनुरोध छ ।**

- दुई वा दुईभन्दा बढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासन पालन गरौं ।
- सडकमा बाटो काट्नुपर्दा जेब्रा क्रसिङ्ग, आकाशेपुल, सब-वे अथवा पेलिकन बत्ती वा कुनै नभएको ठाउँमा सुरक्षित ठाउँबाट बाटो काटौं ।
- चोक बत्ती भएको ठाउँमा पैदलयात्रीका लागि व्यवस्था गरिएको हरियो बत्ती तथा सवारी चालकले सवारी साधनका लागि व्यवस्था गरिएको हरियो बत्ती बलेपछि मात्र सवारी अगाडि बढाऔं ।
- सवारी चलाउँदा वा बाटो काट्दा मोबाइल फोनको प्रयोग नगरौं ।
- जथाभावी ओभरटेक नगरौं, दाहिनेपट्टिबाट अथवा अगाडिको गाडीले संकेत दिएपछि मात्र ओभरटेक गरौं ।
- विपरीत दिशाबाट आउने सवारी साधनको लेनमा प्रवेश नगरौं ।
- पैदलयात्रीले जान-अन्जानमा बाटो काट्न लागेको छ भने गाडी रोकौं र पैदलयात्रीलाई प्राथमिकता दिऔं ।
- निश्चित तोकिएको ठाउँ (बस स्टप तथा टेम्टो स्टम) बाट मात्र यात्रु चढाउने र ओराल्ने काम गरौं ।
- सडक विभागको मापदण्ड तथा सवारी साधनको क्षमताभन्दा बढी यात्रु/बजन नबोकौं ।

**"हामी सबैले ट्राफिक नियमको पालना गरौं र गर्न लगाऔं दुर्घटनाबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

**काठमाडौं उपत्यका सडक विस्तार आयोजना**

काठमाडौं उपत्यका सडक विस्तार आयोजना, नयाँ बानेश्वर

## व्यापार प्रवर्द्धन गर्न द्विपक्षीय समझदारी

काठमाडौं। नेपाल-भारतबीच व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल चेम्बर अफ कमर्स र ट्रेड प्रोमोसन काउन्सिल अफ इन्डियाबीच द्विपक्षीय समझदारी पत्रमा हस्ताक्षर भएको छ। समझदारीपत्रमा नेपाल र भारतबीचको व्यापारलाई दुई देशको हितमा हुने गरी प्रवर्दन गर्ने, व्यापारिक सम्बन्धलाई बढाउने, व्यापार, वाणिज्य तथा लगानीसँग सम्बन्धित सूचनाको आदानप्रदानका विषय समेटिएका छन्। 'ट्रेड मिसन' लाई प्रभावकारी रूपमा अगाडि बढाउन द्विपक्षीय व्यापारिक प्रतिनिधिमण्डलको आदानप्रदान, अन्तर्राष्ट्रिय सेमिनारको आयोजनालगायत विषमा समेत सझदारी भएको चेम्बरले जनाएको छ।

## पेट्रोलियम पाइपलाइन अन्तिम चरणमा

काठमाडौं। दक्षिण एशियाकै पहिलो क्रस बोर्डर परियोजनाका रूपमा रहेको मोतिहारी अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनमार्फत भारतबाट नेपालमा पेट्रोलियम पदार्थ वैशाखदेखि ल्याउने सुनिश्चित भएको छ। सो परियोजना भारतको मोतिहारीदेखि बाराको अमलेखगञ्जसम्म करीब ७० किलोमिटर लम्बाइको छ। तीमध्ये भारततर्फ मोतिहारीदेखि रक्सौलसम्म ३२ दशमलव २५ किलोमिटर र सीमावर्ती भारतीय शहर रक्सौल बजारदेखि बाराको अमलेखगञ्जसम्म ३७ दशमलव २५ किमी छ। परियोजनाअन्तर्गत पाइपबिछ्याउने काम द्रुतगतिमा भइरहेकाले वैशाखदेखि पाइपलाइन सञ्चालनमा आउने परियोजना कार्यालय सिमराले जनाएको छ।

## विवेकशील साझाले महाधिवेशन गर्ने

काठमाडौं। विवेकशील साझा पार्टीले २०७६ साल फागुन १५ देखि १९ गतेसम्म काठमाडौंमा पहिलो महाधिवेशन गर्ने निर्णय गरेको छ। सो पार्टीले विदेशमा रहेका सबै नेपालीलाई राष्ट्रिय निर्वाचनमा मताधिकारको व्यवस्था गर्न सर्वोच्च अदालतले गरेको फैसलालाई कार्यान्वयनमा ल्याउन दबाबका कार्यक्रम सञ्चालन गरिने निर्णय गरेको छ। बैठकले प्रदेश नं १ को संयोजकमा अनिल भेटवाललाई चयन गरेको छ। साथै अघिल्लो निर्णयअनुसार सुदूरपश्चिम प्रदेशबाट शैलु श्रेष्ठ, प्रदेश नं ५ बाट सरस्वती पन्थी भुसाल र गण्डकी प्रदेशबाट सुशीला केसी अधिकारीलाई केन्द्रीय समितिमा सामेल गरिएको छ। 'विवेकशील साझा युवा सङ्गठन' र 'विवेकशील साझा महिला सङ्गठन' गठन गरी दुवै सङ्गठनको संयोजकमा क्रमशः अब्दुस मियाँ र सोभिता परियारलाई जिम्मेवारी दिने निर्णय गरिएको छ।

## नयाँ शक्तिको प्रचार विभाग टोली भारतमा

काठमाडौं। सञ्चार र प्रचारका विविध प्रविधिलगायतका विषयमा अध्ययन गर्न नयाँ शक्ति पार्टीको प्रचार विभागको टोली भारत भ्रमणमा गएको छ। प्रचार विभाग प्रमुख विश्वदीप पाण्डेको नेतृत्वको विभागको टोलीले भारतीय जनता पार्टी, भारतीय काँग्रेस, आम आदमी पार्टीलगायतका ठूला पार्टीका प्रचार टोलीलाई भेटेर नयाँ नयाँ सूचना तथा सञ्चार प्रविधि, सञ्चारप्रचार रणनीतिलगायतबारे अध्ययन गर्नेछ। आम सञ्चारका मिडियासँगको सम्बन्ध, प्रभावकारी सञ्चार रणनीति, चुनावी सञ्चार्प्रचार रणनीतिका सम्बन्धमा समेत छलफल गर्न राजनीतिक पार्टीका नेताहरूका साथसाथै सञ्चार विज्ञहरूसँग समेत भेटघाट गरी छलफल गर्ने प्रचार विभाग प्रमुख पाण्डेले बताए। विभाग प्रमुख पाण्डेका अनुसार त्यहाँका राजनीतिक पार्टीका शीर्ष तहका राजनीतिक व्यक्तित्वहरूसँग पनि भेटघाट हुनेछ।

# जिल्ला समाचार

## महिला फोरम कपिलवस्तुमा निशा

कपिलवस्तु। संघीय समाजवादी फोरम, नेपालको महिला संगठन संघीय समाजवादी महिला फोरम, नेपालको कपिलवस्तुको जिल्ला समिति पुनर्गठन भएको छ। रोजना निशा मियाईनको अध्यक्षतामा ४१ सदस्यीय समिति पुनर्गठन गरिएको हो। संघीय समाजवादी फोरम नेपालका राजनीतिक समिति सदस्य तथा प्रदेश नं. ५ का संसदीय दलका नेता सहसराम यादवको प्रमुख अतिथ्यातममा पुनर्गठन भएको छ। भेलाले उपाध्यक्षमा सत्यवाती हरिजन, सचिवमा सुमन्ता यादव, सहसचिवमा रिंका ठाकुर, कोषाध्यक्षमा गुलाब गडारिया रहेका छन्। नयाँ कार्यसमितिलाई सफल कार्यकालको शुभकामना दिँदै कार्यक्रमको प्रमुख अतिथि यादवले मधेशी, जनजाति, अदिवासीहरूको अधिकारको लडाईमा महिलाहरूको सक्रिय सहभागिता रहेको तथा अगामी दिनमा आझै जोडदार रूपमा उठाउन नयाँ कार्यसमितिले अहम भूमिका खेल्नु पर्ने बताए। साथै नयाँ कार्यसमितिलाई सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए।

## संघीय फोरम संगठन विस्तार

दिनेश ठाकुर, नेपालगञ्ज। संघीय समाजवादी फोरम नेपाल बाँक्ले नेपालगंज उप-महानगरपालिका वडा नं.९ मा बिहिवार भेला सम्पन्न गरेको छ। भेला आयोजक समिति संयोजक एवं पार्टी नेतृ अम्बिका काफ्लेको अध्यक्षता तथा पार्टी जिल्ला अध्यक्ष कमरूदिन राईको प्रमुख आतिथ्यतामा सम्पन्न वडा भेलाले सोमनाथ वर्माको अध्यक्षतामा २१ सदस्यीय वडा समिति गठन गरेको छ। भेलामा समाजवादी युवा फोरमका बाँके जिल्ला अध्यक्ष गोपाल क्षेत्री, समाजवादी महिला फोरमकी जिल्ला अध्यक्ष उषा गौतम ,उपाध्यक्ष मिना क्षेत्री र समाजवादी विद्यार्थी फोरमका जिल्ला अध्यक्ष फैज हलवाई लगायतका नेताहरूले मन्तव्य राखेका थिए।

## शपथ ग्रहण तथा प्रमाण पत्र वितरण

रौतहट। नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन रौतहटको नवनिर्वाचित जिल्ला कार्य समितिका पदाधिकारीहरूको शपथ ग्रहण तथा प्रमाण पत्र वितरण कार्यक्रम सोमबार गौरमा सम्पन्न भएको छ। पुस २७ गतेका दिन नयाँ कार्य समितिका लागि भएको निर्वाचनमा १३ जनाको उम्मेदवारी मात्र परेपछि र्निविरोध निर्वाचित हुन सफल भएका अध्यक्ष लगायतका पदाधिकारीहरूलाई पद तथा गोपनियताको शपथ ग्रहण गराइएको हो। निर्वाचित अध्यक्ष उमेश प्रसाद यादव, उपाध्यक्षमा नरेन्द्र प्रसाद श्रीवास्तव, सचिवमा राजदेव सिंह राजपूत, सहसचिवमा भैरो महतो, कोषाध्यक्षमा भागवत राय यादव, सह कोषाध्यक्षमा राजकुमार पंडितले शपथ ग्रहण गरेका छन्। यसैगरी, सदस्यहरूमा राम दिनेश सिंह, हरेन्द्र साह, लक्ष्मण राय यादव, दिनेश कुमार यादव, शिव शंकर भगत, राम एकवाल राय यादव र रामबाबू पंडितलाई निर्वाचन समितिका संयोजक चन्देशवर प्रसाद राय यादवले पद तथा गोपनियताको शपथ ग्रहण गराएका हुन। जेष्ठ वयोवृद्ध सदस्य माया राम प्रसाद यादवले निर्वाचित पदाधिकारीहरूलाई प्रमाण पत्र वितरण गरेको निर्वाचन समितिले जनाएको छ।

## प्रहरी आवास गृह तथा भान्साघर शिलान्यास

मोरङ। प्रदेश १ प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक केदार रिजालले मोरङ रंगेली नगरपालिका-६ स्थित ईलाका प्रहरी कार्यालय रङ्गेलीको हाताभित्र निर्माण हुने प्रहरी आवास गृह तथा भान्साघरको आयोजित एक कार्यक्रमबीच शिलान्यास गरेका छन्। सो अवसरमा प्रहरी नायव महानिरीक्षक रिजालले सुरक्षित बासस्थानको ब्यवस्था भएसँगै प्रहरीले आमनागरिकलाई दिने सेवा पनि थप भरपर्दो हुनुपर्ने बताए। कार्यक्रममा विभिन्न वक्ताहरूले आ-आफ्नो धारणा राख्दै आमनागरिकको सेवामा चौबिसै घण्टा खटिने प्रहरीको उचित गाँस बासको व्यवस्था भएमा उच्च मनोबलका साथ सेवा प्रदान हुने हुँदा प्रहरीको लागि सुविधा सम्पन्न आवास तथा भान्साघर निर्माणले स्थानीय स्तरको सुरक्षामा थप टेवा पुग्ने बताए। उक्त प्रहरी आवास गृह तथा भान्साघर नेपाल सरकारको नियमित बजेटअन्तर्गत २ करोड ११ लाख ८२ हजार ६ सय २५ रूपैयाँ ५५ पैसामा निर्माण कार्य सम्पन्न हुने ईलाका प्रहरी कार्यालय रङ्गेलीले जनाएको छ। कार्यक्रममा रङ्गेली नगरपालिका र सुनवर्सी नगरपालिकाका नगर प्रमुखहरू, स्थानीय जनप्रतिनिधिहरू, बुद्धीजिवी, नागरिक समाजका अगुवाहरू, पत्रकार, स्थानीयवासी लगायतको उपस्थिति रहेको थियो।

## बन्धक बनाइएका किशोरको उद्धार

कैलाली। कुटपिट गरी बन्धक बनाइराखेको अवस्थामा कैलालीमा एक किशोरको उद्धार गरिएको छ। गोदावरी नगरपालिका-६ तेघरी घर भई धनगढी उपमहानगरपालिका-४ उत्तरबेहडीस्थित होटल जलसामा हेल्परको काम गर्ने १७ वर्षीय बशन्त भाटलाई प्रहरीले उद्धार गरेको छ। उनलाई बन्धक बनाउने कार्यमा संलग्न डोटी पूर्वी गाउँपालिका-२ फुलौट बस्ने २१ वर्षीय चक्र खड्का, कैलाली धनगढी उपमहानगरपालिका-२ बैयाबेहडी बस्ने १९ वर्षीय कुन्दन जोशी र कैलाली धनगढी उपमहानगरपालिका-२ बैयाबेहडी बस्ने १९ वर्षीय हर्केश बागलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ। सोही होटलमा काम गर्ने चक्र खड्का समेत ६ का जनाले कुटपिट गरी जबरजस्ती मोटरसाइकलमा राखी अपहरण गरी लगेको सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले अनुसन्धान गर्ने क्रममा बशन्त भाटलाई बन्धक बनाई राखि कुटपिट गरेको अवस्थामा फेला पारेको हो। साथै प्रहरीले उनीहरूको साथबाट से. ७ प ३४४५ नम्बरको मोटरसाइकल र ३ थान मोबाइल समेत बरामद गरेको छ। घटनामा संलग्न अन्य फरार अभियुक्तको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

## छ जना बालकको उद्धार

विराटनगर। मोरङ कटहरी गाउँपालिकामा सञ्चालित एक इँट्टाभट्टाबाट श्रम गरिरहेका छ जना बालकको उद्धार गरिएको छ। जिल्ला प्रहरी कार्यालय मोरङ र सिविन नेपाल विराटनगरको संयुक्त टोलीले कटहरी गाउँपालिका-५ स्थित कृष्ण प्रणाम इँट्टाभट्टामा श्रम गर्न बाध्य बनाइएका १६ वर्षमुनिका ६ जना बालकको उद्धार गरिएको हो। उद्धार गरिएको सबै बालकलाई विराटनगर-१३ स्थित पूर्वाञ्चल अनाथ आश्रममा पठाइएको छ। उद्धार गरिएकामा भारतीय नागरिक १६ वर्षीय रूवेल मिया, १६ वर्षीय कासनकुमार विश्वास, १४ वर्षीय राजकुमार विश्वास, १४ वर्षीय काउछर आलम, ११ वर्षीय रूवेल मिया र मोरङ भौडाहाका १३ वर्षीय मोहन सरदार रहेका छन्।

## अप्पन टिभीले मनायो वार्षिकोत्सव

जनकपुरधाम। तराई-मधेशका लोकप्रिय टेलिभिजन 'अप्पन टिभी' चौथो वार्षिकोत्सव मनाएको छ। सो कार्यक्रममा प्रदेश नं. २ का प्रमुख रत्नेश्वरलाल कायस्थले अहिलेको अवस्थामा सञ्चारमाध्ययम एउटा शसक्त माध्यम भएकोले यसबाट देशको परिवर्तनमा क्रान्ति ल्याउन सकिने बताएका छन्। अप्पन टिभीको चौथो बार्षिकोत्सवको अवसरमा जनकपुरधाममा आयोजित एक कार्यक्रममा उनले मुलुक संघीयतामा जान सञ्चारमाध्ययमले अहम् भूमिका खेलेको स्पष्ट पारेका छन्। समाज तथा देशमा देखिने कुरीतिहरूलाई चिर्दै समाजको उत्थानका लागि सञ्चारमाध्यमले निर्वाह गर्दै आएको भूमिका सराहनीय रहेको भन्दै प्रशंसा गरे। साथै उनले अप्पन टिभीले स्थानीय भाषालाई संरक्षण तथा सम्बर्द्धनका लागि गरेका प्रयासहरूको पनि प्रशंसा गरेका छन्। कार्यक्रममा प्रदेश सरकारका मन्त्री तथा राज्यमन्त्री, टिभीका सँचालक सदस्य, अध्यक्षसहितको उपस्थिति रहेको थियो।

## सुरक्षित सामुदायिक भवन हस्तान्तरण

सप्तरी। नेपाली सेनाले आफ्नै लगानी र श्रमदानबाट निर्माण गरेको सुरक्षित तथा लकरसहितको सुविधा सम्पन्न दुई वटा भवन हस्तान्तरण गरेको छ। नेपाली सेनाको भीमदलगणले सप्तरीको प्रसिद्ध धार्मिकस्थल छिन्नमस्ता गाउँपालिका-३ स्थित मुसहर बस्तीमा सुरक्षित सामुदायिक भवन निर्माण गरेको हो। एक कार्यक्रमबीच सो समुदायलाई हस्तान्तरण गरेको नेपाली सेनाले जनाएको छ। गरीबीको चरम अवस्थामा रहेका मुसहर समुदायको कष्टकर अवस्था हेरेर गत पुस १५ देखि २४ गतेसम्ममा गणका प्राविधिकसहितको सेनाको टोलीले निर्माण गरेको थियो।

## आगलागीमा वृद्धाको मृत्यु

बाँके। नेपालगंज उपमहानगरपालिका-९ स्थित आनन्दनगर बस्ने ७० वर्षीय निजामुदिन धपालीको कच्ची घरमा बिद्युतको तार सर्ट भई शुक्रबार राति आगलागी हुँदा उक्त आगलागीमा जलेर धपालीको मृत्यु भएको छ। साथै आगलागीबाट घर तथा अन्नपात, लत्ताकपडा लगायतका सामान जलेर करिब ५० हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ।


अर्बौंका भ्रष्टाचार गर्नेहरू, दिनदहाडै बलात्कार/हत्या गर्नेहरू, अफिसमै सचिव कुट्नेहरूका रौं झार्न नसक्ने तर फुर्सदको वेला दुइपांग्रे चलाएर कलेजको फिसको जोहो गर्ने र न्यून आय भएका यात्रुलाई राहत दिने स्वरोजगार युवाहरूलाई समातेर के पौरख देखाएको हो? उद्यमशीलता रोक्ने कानून पो फेर्ने त । **डा.बाबुराम भट्टराई**


छरितो सार्वजनिक सेवा दिने टुटल, पठाओ जस्ता नयाँ क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ न कि धरपकड, सरकार ढिलो नगरौ कानुन बनाएर नियमित गरौं । उबेर जस्ता सेवा विश्वभर नै लोकप्रिय छन्, सेवाका नयाँ नयाँ क्षेत्रलाई आउन दिने र कानुन बनाएर नियमित गर्ने हो । यो अर्थतन्त्रको अर्को महत्वपूर्ण क्षेत्र हो । **रामकुमारी झाँक्री**


राजनीतिक दृष्टिकोणले शैशव कालमा नै रहेको विवेकशिल साझा पनि अन्ततः अन्तरद्वन्द्वको राजनीतिक रोगबाट अछुतो रहन सकेन र वैधानिक रूपमै अलग हुनुले नेपालमा नयाँ पार्टीहरूको भविष्य र सम्भावनालाई सर्वसाधारणले कुन रूपमा लेलान् ? **मञ्चला झा**


मन्त्री-सचीव विवाद प्रदेशमा जातीय उन्मादको शिकार बन्दैछ भन्ने यसको चर्चा काठमाण्डौंमा फरक-फरक किसिमले हुँदैछ । संघीयता विरोधीहरूको लागि यो एकदमै चासोको विषय बनेको छ । पक्कैपनि संघीयता तुहाउने खेलमा लागेका संघ-संस्था, पार्टी-दल, मिडिया र विश्लेषकहरूले यस घटनालाई एउटा कडीको रूपमा रेकर्ड गरिरहेका छन् । **सरोज राय**


केही विदेशी एजेन्टहरूले प्रदेश २ का सरकारलाई कसरी असफल बनाउने एक पछि अर्को योजना फेल हुदाँ चिन्तित बनेका छन् । अन्यथा अर्थ नलागोस पच्छिलो घटना क्रम पनि त्यसैको कडी हो । अगाडि अझै धेरै हुन बाँकी छ । आम जनता जातियताको आधारमा विभाजित हुनु दुर्भाग्यपूर्ण छ । **अनन्त अनुराग**


कांग्रेस र नेकपाको नाम बेचेर दलाली गर्ने नश्लिय झुन्डले 'लोकल' सचिव विद्यानास झालाई काँधमा बोक्दैमा यथार्थ धूमिल हुन्न । नाटकीय ढंगले अस्पताल भर्ना भएका सचिव झाका निम्ति कसैले पनि जातीय उन्माद प्रदर्शन गर्न जरूरी छैन, प्रदेश सरकारले छानबिन समिति गठन गरिसकेको छ, सत्यतथ्य बाहिर आउछ नै । **महेश चौरासिया**


"बाह्रौंदेखि अठारौं शताब्दीसम्म विश्वभरि नै राज्य विस्तारको लहर थियो" । " एकदम ठिक, त्यो कालखण्डमा राजाहरूले आफ्नो राज्य बिस्तार गर्ने होडबाजी थियो, पृथ्वीनारायणले पनि त्यहि गरे, आज उनलाई महान दुरदर्शी भनेर चित्रण गर्नु भनेको उनको ज्यादतीको सिकार बनेका समाजलाई चिढ्याउनु हो । **मुकेश झा**


सचिवलाई आफ्नो कार्यकक्षमा बोलाएर कुट्ने मन्त्री उदण्ड कि हात खुट्टाले हिर्काए पनि मौखिक गाली गरेर मात्रै छोडी दिने सचिव उदण्ड ? भारतको विहार र उत्तर प्रदेशमा अस्ताउन लागेको राजनीति अब नेपालको प्रदेश नं. २ मा शुरू गर्नु भएछ ? **देवनारायण मण्डल**

# प्रधानसेनापति फर्किए



काठमाडौं । मित्रराष्ट्र भारतका स्थल सेनाध्यक्ष जनरल विपिन रावतको औपचारिक निमन्त्रणामा भारत भ्रमणमा रहेका प्रधानसेनापति पूर्णचन्द्र थापाले ६ दिने भ्रमण सम्पन्न गरी बुधबार स्वदेश फिर्ता भएका छन् । प्रधानसेनापति थापालाई बलाधिकृत रथी हेमन्त राज कुँवरले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए भने नेपाली सेनाका रथीबृन्द तथा अधिकृतहरूको उपस्थितिमा उको सम्मानमा जङ्गी अड्डामा नेपाली सेनाको एक टुकडीले सम्मान गारत अर्पण गरेको थियो ।

नेपाल सरकारको निर्णय बमोजिम भारत भ्रमणको क्रममा पुस २८ गते प्रधानसेनापति थापालाई भारतका राष्ट्रपति रामनाथ कोविन्दले भारतीय स्थल सेनाको मानार्थ महारथी दर्जा प्रदान गरेका थिए ।

भ्रमणको क्रममा प्रधानसेनापति थापाले भारतीय सेनाका समकक्षी स्थल सेनाध्यक्ष जनरल रावतसँग भेटघाट गर्नुको साथै नयाँदिल्लीस्थित नेशनल डिफेन्स कलेज, जयपुरस्थित साउथ-वेस्टेर्न कमाण्ड र लखनऊस्थित सेन्ट्रल कमाण्डको मुख्यालयहरूको निरीक्षण भ्रमण समेत गरेका थिए । यस किसिमको उच्च तहको सैनिक नेतृत्व वर्गको भ्रमण र दुई देशको सेनाका प्रधानसेनापतिलाई मानार्थ महारथीको उपाधिद्वारा सुशोभित गर्ने परम्पराबाट नेपाली सेना र भारतीय सेनाबीच विगतदेखि रहँदै आएको आपसी सौहार्दपूर्ण सम्बन्धले निरन्तरता पाउनुका साथै द्विपक्षीय आपसी हित र पारस्परिक सम्बन्धलाई थप सुमधुर एवम् प्रगाढ बनाउन महत्वपूर्ण भएको विश्वास नेपाली सेनाले लिएको छ ।

# कर्मचारीहरूलाई भारतमा तालिम



काठमाडौं । भारत सरकारको 'भारतीय प्राविधिक तथा आर्थिक सहकार्य कार्यक्रम' अन्तर्गत नेपाल सरकार अर्थ मन्त्रालयका ६२ कर्मचारीहरूहरूलाई 'Global Perspectives on Public Financial Management' विषयमा विशेष तालिमको घोषणा गरेको छ ।

यसअघि नेपाल सरकार अर्थ मन्त्रालयले भारत सरकारलाई नेपाल-भारत आर्थिक सहकार्य कार्यक्रम अन्तर्गत ती कर्मचारीहरूलाई उक्त तालिम प्रदान गर्न अनुरोध गरेको थियो ।

नेपालको अर्थ मन्त्रालयको आवश्यकता अनुरूप तयार पारिएको यो कार्यक्रम इन्स्टिच्युट अफ गभर्मेन्ट अकाउन्ट्स एण्ड फाइनान्समा हुन गइरहेको छ ।

यस तालिमले विद्युतीय भुक्तानी प्रणाली, लेखाविधि तथा रकम व्यवस्थापन, सार्वजनिक ऋण प्रणाली, वैदेशिक ऋण/अनुदान तथा प्रतिदानको लेखाविधि, पेन्सन भुक्तानी प्रणाली, आन्तरिक लेखापरिक्षण, आर्थिक जिम्मेवारी तथा बजेट व्यवस्थापन आदि विषयहरूमा चलिरहेको विश्वव्यापी अभ्यासबारे सहभागीहरूको क्षमता अभिवृद्धि गर्नेछ । यो तालिम ३ ब्याचमा सञ्चालन गरिनेछ । प्रथम ब्याचका २० नेपाली कर्मचारीहरूहरूले सोमबारदेखि नयाँदिल्लीस्थित इन्स्टिच्युट अफ गभर्मेन्ट अकाउन्ट्स एण्ड फाईनान्समा तालिम लिइरहेका छन् ।

इन्स्टिच्युट अफ गभर्मेन्ट अकाउन्ट्स एण्ड फाइनान्स भारत सरकारको सार्वजनिक अर्थ व्यवस्थापन क्षेत्रको आधुनिक सिकाई सुविधायुक्त एक प्रमुख तालिम केन्द्र हो ।

अर्थ क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल यस संस्था Institution of Internal Auditors (IAA) Florida, Atlanta School of Public Policy, Duke University, Management Development Institute (MDI) Guragaon, Indian Institute of Management, Bengaluru आदि जस्ता प्रमुख संस्थाहरूसँग आवद्ध छ ।

इन्स्टिच्युट अफ गभर्मेन्ट अकाउन्ट्स एण्ड फाइनान्स भारत सरकारको 'भारतीय प्राविधिक तथा आर्थिक सहकार्य कार्यक्रम' अन्तर्गत मित्र राष्ट्रहरूका कर्मचारीहरूलाई तालिम प्रदान गर्ने साझेदार संस्था हो ।

विश्वव्यापी कार्यक्रमका अतिरिक्त इन्स्टिच्युट अफ गभर्मेन्ट अकाउन्ट्स एण्ड फाइनान्सले छिमेकी राष्ट्रहरू अफगानिस्तान, बंगलादेश, भुटान, माल्दिभ्स तथा श्रीलंका का कर्मचारीहरूलाई पनि विशेष तालिम प्रदान गर्दै आएको भारतीय राजदूतावास काठमाडौंले जनाएको छ ।

# रासायनिक मल दिन भारत सहमत

काठमाडौं । सरकारी स्तरबाट नेपालमा रासायनिक मल आपूर्ति गर्न भारत सरकार सकारात्मक देखिएको छ । भारत र नेपालका अधिकारीबीच काठमाडौंमा सम्पन्न दुईपक्षीय छलफलमा सरकारी कम्पनीबाट मल दिन भारतीय अधिकारी सहमत भएका हुन् ।

भातीय अधिकारी सरकारी कम्पनीबाट रासायनिक मल दिन सकारात्मक भएको कृषि मन्त्रालयको सहसचिव योगेन्द्र कार्कीले बताए । 'बजारमा मल अभाव भएको बेला दुई सरकार ( जिटुजी)बीच सम्झौता गरेर मल आयात गर्ने हाम्रो प्रस्ताव हो,' कार्कीले भने, 'सरकारी कम्पनीबाट मल दिन भारतीय अधिकारीले सहमति जनाएका छन् ।'

बैठकमा नेपाली टोलीको नेतृत्व सहसचिव कार्कीले गरेका थिए । भारतीय पक्षको नेतृत्व भारतीय मल विभागकी सहसचिव गुर्विन सिन्धुले गरेकी थिइन् । विगतमा बोलपत्रमार्फत मल खरिद गर्दै आएकोमा सरकारले अब दुई सरकार (जिटुजी) बीच सम्झौता गरेर मल आयात गर्ने तयारी गरेको छ । किसानलाई समयमै गुणस्तरीय मल पुऱ्याउन जिटुजीबाट खरिद गर्न लागेको मन्त्रालयले जनाएको छ । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट अनुदानमा दिने तीन लाख मेट्रिक टनमध्ये एक लाख ५० हजार टन सिधै खरिद गर्न परराष्ट्र मन्त्रालयमार्फत भारतसमक्ष यसअघिनै प्रस्ताव पठाएको थियो । मुलुकमा वार्षिक करिब पाँच लाख मेट्रिक टन खपत हुन्छ । यसमा तीन लाख अनुदान र दुई लाख निजी क्षेत्रले बिक्री गर्दै आएको छ ।

मल अभाव हुन नदिन सिधै खरिद गर्ने तयारी गरेको मन्त्रालयले जनाएको छ । मन्त्रालयले पाँच वर्षको लागि अनुमानित प्रस्ताव तयार गरेको छ । पाँच वर्षको लागि नौ लाख ३५ हजार मेट्रिक टन मल खरिद गर्न सकिने प्रस्ताव छ । अब ०७६/७७ मा एक लाख ७० हजार, ०७७/७८ मा एक लाख ९५ हजार, ०७८/७९ मा दुई लाख १० हजार मेट्रिक टन ल्याउने अनुमानित प्रस्ताव छ ।

रासायनिक मल अभावको कृषि उत्पादनमा समेत प्रभाव परेपछि समयमै किसानसमक्ष मल पुऱ्याउने सुनिश्चितताको लागि सरकारले नयाँ विकल्प ल्याएको मन्त्रालयको दाबी छ । नेपालमा सात लाख ८५ हजार मेट्रिक टन रासायनिक मल प्रयोग गर्नुपर्ने भए पनि किसानले कम प्रयोग गर्छन् ।

दुई साताअघि संसदको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले भारतसहित तेस्रो मुलुकबाट पनि रासायनिक मल खरिद गर्न निर्देशन दिएको छ । भारतबाट दिगो व्यवस्थापन गरी मल आयात गर्न र तेस्रो मुलुकबाट आयात गर्ने मलका लागि बन्दरगाहको सहजीकरण गर्न भारतसँग समन्वय गर्न संसदीय समितिले परराष्ट्र मन्त्रालयलाई निर्देशन दिएको थियो ।

# वाई वाई ग्लोकल टिन हिरो इण्डिया लन्च




काठमाडौं । ग्लोकल प्राइभेट लिमिटेडद्वारा ग्लोकल टिन हिरो इण्डियाको शुभारम्भ भएको छ । किशोर किशोरीहरूमा भएको प्रेरणा र उत्साहलाई प्रस्फुटन गरी उनीहरूले समाजमा गरेको प्रभावकारी कार्यलाई कदर र अरू माझ चिनाउने कार्यक्रम 'वाई वाई ग्लोकल टिन हिरो', ग्लोकलको एक प्रारम्भिक कार्यक्रम हो ।

मन्च मार्फत किशोर-किशोरीहरूमा भएको उत्साह, रचनात्मक र सुरूवातको चाहनाको पहिचान गरी राष्ट्रको अन्य किशोर-किशोरीहरूलाई उद्यमी सोचाइको विकास गर्न उत्प्रेरित गर्ने आयोजकको विश्वास छ ।

कार्यक्रममा भारतीय राजदूत मंजीव सिंह पुरी, सीजीका भाईस प्रेसिडेन्ट जीपी शाह लगायत पूर्व निर्णायक मण्डलका सदस्यहरू, केआरसी फाउनडेसन र भारतीय राजदुताबासको प्रतिनिधिहरूको उपस्थिति थियो ।

ग्लोकल टिन हिरो इंडियाको आवेदन १५ जनवरी २०१९ मा खुल्नेछ र २ अप्रिल २०१९ मा बन्द हुनेछ । यसको मुख्य कार्यक्रम २० अप्रिल २०१९ मा भारतको गुहाटीमा हुनेछ ।

दक्षिण एशियाली किशोर किशोरीको पहिचान गर्ने पहिलो कार्यक्रम, दक्षिण एशियाली ग्लोकल टिन हिरो २०२० काठमाडौंमा आयोजना गर्ने उद्देश्यले ग्लोकल प्रत्यक दक्षिण एशियाली राष्ट्रहरूमा ग्लोकल टिन हिरो आयोजना गर्दै अघि बढिरहेको छ र यसको शुरूवात भारतबाट भएको छ ।

## आर्थिक समाचार

### सनराइजको अध्यक्षमा पुनः दुगड

काठमाडौं । सनराइज बैंकको सञ्चालक समितिका अध्यक्षमा मोतीलाल दुगड पुनः निर्वाचित भएका छन् उनलाई नेपाल राष्ट्र बैंकका गभर्नर डा चिरञ्जीवी नेपालले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका छन् । दुगड गत पुस २९ मा भएको बैंकको साधारण सभाबाट पुनः सञ्चालकमा निर्वाचित भई सर्वसम्मतबाट अध्यक्ष चुनिएको बैंकले जनाएको छ । शपथ ग्रहण समारोहमा राष्ट्र बैंक पदाधिकारी तथा सनराइज बैंकका नवनिर्वाचित सञ्चालक र पदाधिकारी उपस्थित थिए ।

### बुद्ध एयरले कोलकाता उडान भर्ने

काठमाडौं । बुद्ध एयरले भारतको कोलकातामा आगामी विसं २०७६ बैशाख २ गते देखि उडान भर्ने भएको छ । पर्यटनलाई लक्षित गर्दै काठमाडौं-कोलकता साताको तीन पटक उडान भर्ने कम्पनीद्वारा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । बुद्ध एयरका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतले बङ्गाली पर्यटकलाई लक्षित गरी कोलकाता उडान शुरू गर्न लागिएको बताए । उहाँका अनुसार साताको तीन दिन सोमबार, बुधबार र शुक्रबार काठमाडौं-कोलकत्ता उडान गरिनेछ ।

### अन्तर्राष्ट्रिय उद्यमशीलता सम्मेलन हुँदै

काठमाडौं । नेपाल र भारतका युवा उद्यमीको सहभागितामा यही माघ ५ गते काठमाडौंको होटल याक एण्ड यतिमा 'दोस्रो अन्तर्राष्ट्रिय उद्यमशीलता सम्मेलन' हुने भएको छ । भारतीय राजदूतावास र क्लक बि विजनेश इन्नोभेसनको आयोजनामा हुने सम्मेलनमा नेपाल र भारतका एक हजारभन्दा बढी युवा उद्यमी तथा विद्यार्थीको सहभागिता रहने बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । भारतीय राजदूतावासका द्वितिय वाणिज्य सचिव कपिलध्वज प्रतापसिंहले सम्मेलनमा युवा उद्यमी, लगानीकर्ताबीच अनुभव आदानप्रदान हुने र उद्यमशीलताका विषयमा छलफल हुने भएकाले आपसी सम्बन्ध विस्तार गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । सम्मेलनमा नेपाल र भारतका उद्यमी, लगानीकर्ता, व्यापारी, वकिल, लेखापरीक्षक, सरकारी प्रतिनिधि, विश्वविद्यालयका प्रतिनिधि र उद्यमशीलता सम्बन्धीका जानकार सहभागी हुने बताइएको छ ।

### शैक्षिक परामर्शको आधिकारिक बैक ग्लोबल आइएमई

काठमाडौ । नेपाल शैक्षिक परामर्श संघको १३औं वार्षिक साधारण सभामा ग्लोबल आइएमई बैंक लिमिटेडलाई आधिकारिक बैंक छनोट गर्ने सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौतापत्रमा नेपाल शैक्षिक परामर्श संघका अध्यक्ष विष्णुहरि पाण्डे रग्लोबल आइएमई बैंकका नायव प्रमुख कार्यकारी अधिकृत महेश शर्मा ढकालले हस्ताक्षर गरेका हुन् । नेपाल शैक्षिक परामर्श संघ नेपालको सबैभन्दा ठूलो गुणस्तरीय वैदेशिक शैक्षिक परामर्श प्रदान गर्ने संस्थाहरूको छाता संगठन हो । यस सम्झौताअनुसार ग्लोबल आइएमई बैंक लि.ले नेपाल शैक्षिक परामर्श संघसँग आबद्ध कन्सल्टेन्सीहरूको सिफारिस मावि देशमा उच्च शिक्षा अध्ययनका लागि विद्यार्थीहरूलाई सरल र सुलभ तरिकाले बढीमा ३ कार्य दिनभित्र बैंकले शैक्षिक कर्जा सम्बन्धी निर्णय गर्नेछ ।

### प्राइमको शाखा बझाङमा विस्तार

काठमाडौं । आफ्नो शाखा संजाल बिस्तारको क्रममा प्राइम कमर्सियल बैंक लिमिटेडले बझाङको खप्तडछान्ना गाउँपालिकामा शाखाको शुभारम्भ गरेको छ । यस शाखाको संचालन पछि बैंकको शाखा कार्यालय संख्या ७३ पुगेको छ । स्थानीय उद्योगी, व्यवशायी, शिक्षक, समाजसेवी तथा विभिन्न पेशाकर्मीहरूको उपस्थितिमा आज एक समारोहका बीच खप्तडछान्ना गाउँपालिका अध्यक्ष वर्क बहादुर रोकायाले शाखा कार्यालय खप्तडछान्नाको समुदघाटन गरे । यसै क्रमलाई निरन्तरता दिँदै बैंकले आगामी दिनहरूमा पनि शाखाहरूको संजाल विस्तार गर्दै लगी आफ्नो सेवा दिन अग्रसर रहेको प्रतिवद्धता प्रकट गरेको छ । साथै बैंकले निक्षेपकर्ता तथा ग्राहकहरूलाई प्रदान गरिने सेवालाई थप गुणस्तरीय बनाउन आफ्नो सेवालाई थप चुस्त, आत्मीय र ग्राहकमुखी बनाउने जनाएको छ ।

# थप हवाइ रूट दिन भारत सकारात्मक




काठमाडौं । भारतका उद्योग वाणिज्य तथा नागरिक उड्डयन मन्त्री सुरेश प्रभुले नेपाललाई थप एयर रूट दिने विषयमा सकरात्मक रहेको बताएका छन् । ग्लोबल एभिएसन समिटमा सहभागि हुन मुम्बई पुगेका नेपालका पर्यटन मन्त्री रविन्द्र अधिकारीसँगको छलफलमा मन्त्री प्रभुले अन्तर मन्त्रालय समन्वयको काम भैरहको बताएका हुन् । पर्यटन मन्त्री अधिकारीले भेटमा नेपालको उड्ययन क्षेत्र विकासको चरणमा रहको उल्लेख गर्दै भारतले कस्तो सहयोग गर्न सक्छ भनेर जिज्ञासा राखेका थिए । जवाफमा भारतीय मन्त्री प्रभुले भारत हवाई रूट उपलब्ध गराउने विषयमा सकारात्मक रहेको बताएका थिए । भारतीय पक्षले हवाई रूटका विषयमा देशभित्रै अन्तर मन्त्रालय छलफल चलिरहेको जनाएको छ । भेटमा सहभागि पर्यटन मन्त्रालयका सह-सचिव बुद्धिसागर लामिछानेले नेपालको मागलाई भारतीय पक्षले सकरात्मक रूपमा हेरिराखेको जवाफ दिएको बताए । मुम्बइमा मन्त्री अधिकारीले अन्तर्राष्ट्रिय नागरिक उड्ययन संगठन (आइकाओ)का प्रमुखसँग पनि भेटवार्ता गरेका छन् ।

### "प्रतिवेदन बुझ्न भारत सकारात्मक"

काठमाडौं । नेपाल-भारत प्रबुद्ध व्यक्ति समुह (ईपीजी) ले तयार पारेको प्रतिवेदन बुझ्न भारत सकारात्मक बनेको परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले बताएका छन् । नयाँदिल्ली स्थित नेपाली दूतावासमा आयोजित पत्रकार सम्मेलनमा भारतीय पत्रकारहरूको जिज्ञासमा मन्त्री ज्ञवालीले यस्तो धारणा राहेका हुन् । विदेशमन्त्री सुष्मा स्वराजसँगको भेटमा प्रतिवेदनको विषयमा छलफल भएको स्पष्ट पार्दै मन्त्री ज्ञवालीले दुई मुलुकको संयुक्त समझदारीमा बनेको प्रतिवेदन बुझ्ने र त्यसलाई कार्यावन्यन तहमा लैजान भारत सकारात्मक बनेको उल्लेख गरे ।

### नगरपालिकालाई एम्बुलेन्स सहयोग

काठमाडौं । भारतीय राजदूतावासले गोदावरी नगरपालिकालाई एक एम्बुलेन्स सहयोग गरेको छ । गोदावरीमा 'युवा सशक्तीकरण समाज नेपाल र क्षेत्रीय सहकारी सञ्जालको' संयुक्त पहलमा आयोजित कार्यक्रममा पूर्वअर्थ राज्यमन्त्री उदयशम्शेर राणाले गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जनलाई एम्बुलेन्स हस्तान्तरण गरे । गोदावरीमा सञ्चालित १९ वटा सहकारीमा आबद्ध १५ हजार सदस्यले एम्बुलेन्सको माग गरेसँगै राणाले स्वास्थ्य सेवालाई सुलभ बनाउन सो सहयोगको पहल गरेका हुन । नगरपालिकाले टौखेलमा छिट्टै ग्यारेज निर्माण गरी नेपाल-भारत सहयोग प्राप्त एम्बुलेन्स सञ्चालन गर्नेछ ।




**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं